Pingalasthan-9, Gaushala, Kathmandu, Nepal, Website: www.globalrisingplacement.com
Phone: 01- 5915317 | 5917318, Mobile: +977 980-1316636, 980-1315958, 980-1320919, 980-1316619, 980-1316614, mail: cv@globalrisingplacement.com
श्रम इजाजत नं. १६१६/०७९/०८०

**कतारमा रोजगार** कम्पनी : BELLA GLOW SALON

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328589 | चलानी नं. ६०२४२४४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hanna Beautician | 0 | 2 | 2100 | ८०,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/nail Technician | 0 | 1 | 2100 | ८०,९९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम इजाजत नं. ४१५/०६०/६१

**कतारमा रोजगार** कम्पनी : NEW ALAHAD FACILITTY MANAGEMENT AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328546 | चलानी नं. ६०२४२४४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 2 | 0 | 1200 | ४६,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Masons | 4 | 0 | 1200 | ४६,२८० | | | | | | | |
| 3 | Carpenter | 4 | 0 | 1200 | ४६,२८० | | | | | | | |
| 4 | Cleaner/janitress | 0 | 3 | 1000 | ३८,५६७ | | | | | | | |
| 5 | Labour | 8 | 0 | 1000 | ३८,५६७ | | | | | | | |
| 6 | Mason (Nepal) | 5 | 0 | 1200 | ४६,२८० | | | | | | | |
| 7 | Painter | 6 | 0 | 1000 | ३८,५६७ | | | | | | | |
| 8 | Plaster Work Mason | 2 | 0 | 1200 | ४६,२८० | | | | | | | |
| 9 | Plumber | 5 | 0 | 1200 | ४६,२८० | | | | | | | |
| 10 | Waiters | 0 | 3 | 1400 | ५३,९९३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **S.K Energy Traders** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 38 | N/A | CHINA | PCS | 9,200.00 | 10,420.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 58 | N/A | CHINA | PCS | 9,900.00 | 11,190.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 138 | N/A | CHINA | PCS | 6,000.00 | 6,900.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 48 | N/A | CHINA | PCS | 7,600.00 | 8,660.00 | |

बिक्रेताको फर्मको नाम: S.K. ENERGY TRADERS | स्थायी लेखा नं: 302252282
ठेगाना: Ramhiti, Boudda, Kathmandu, Nepal | फोन नं: 9851040703

**युएइमा रोजगार** कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/०१/२५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 323323 | चलानी नं. ६०२३९९८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 77 | 0 | 900 | ३४,४०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

**MAURITIUS मा रोजगार** कम्पनी : PHOENIX BEVERAGES LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328233 | चलानी नं. ६०२४२४१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 60 | 0 | 20865 | ६४,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Trailer driver | 15 | 0 | 19470 | ५९,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

**कतारमा रोजगार** कम्पनी : UNITED HOTELS MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 320553 | चलानी नं. ६०२३४६६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Services | 4 | 0 | 1500 | ५७,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 2 | 0 | 1500 | ५७,८५० | | | | | | | |
| 3 | Supervisor/administrative | 0 | 1 | 1500 | ५७,८५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

**साउदीमा रोजगार** कम्पनी : QAMAR AL-YAMAMAH COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328489 | चलानी नं. ६०२४२४०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६७,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**साउदीमा रोजगार** कम्पनी : APPAREL TRADING COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328658 | चलानी नं. ६०२४२४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Staff | 7 | 0 | 2000 | ७४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/ 4589323, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम इजाजत नं. ११०८/०७३/०७४

**युएईमा रोजगार** कम्पनी : MARHABA BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328634 | चलानी नं. ६०२४२४७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 1000 | ३८,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: एकेएच ट्रेडिङ सेन्टर काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ASIA LINK SERVICES PVT. LTD.
श्रम इजाजत नं ११९/०५५/०५६
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# घरेलु हिंसा भड्काउने मस्यौदा

**कानुन मन्त्रालयको प्रस्तावमा हालै मुलुकी अपराध संहिता २०७४ संशोधनका लागि बनेको विधेयकको मस्यौदाका कारण अहिले सदन र सामाजिक सञ्जाल तातिएको छ । यसको मुख्य कारण हो मस्यौदामा राखिएको बहुविवाहसम्बन्धी व्यवस्था । बहुविवाह गर्न कानुनी मान्यता छैन । मस्यौदामा यससम्बन्धी स्पष्ट व्यवस्था भए पनि अर्को दफा अस्पष्ट र विवादित तवरले राखिएपछि अहिले बहस चुलिएको हो ।**

**हालै, कानुन मन्त्रालयले तयार गरेको मस्यौदामा अपराध संहिताको बहुविवाह गर्न नहुनेसम्बन्धी दफा १७५ को उपदफा ५ पछि दुईवटा व्यवस्था थप गर्न प्रस्ताव गरिएको छ । जसमा पहिलो व्यवस्थामै 'वैवाहिक सम्बन्धबाट बच्चाको जन्म भइसकेको वा महिला गर्भवती रहेको भए बहुविवाहको कसुरमा सजाय भएको कारणले मात्र त्यस्तो विवाह बदर हुने छैन' भनिएको छ । यही व्यवस्था अस्पष्ट हुँदा कानुनले तोकेको सजाय भोगेर बहुविवाह गर्न सुविधा दिन सक्ने भन्दै सरोकारवालाहरूले चिन्ता जनाएका हुन् ।**

**यो व्यवस्था घुमाउरो पारामा बहुविवाहलाई प्रश्रय दिने खालको देखिएकोले यसले घरघरमा हिंसा निम्तिने उनीहरूको भनाइ छ । यही विषयलाई लिएर सदनमासमेत विरोध सुरु भएको छ । विवाहेत्तर सम्बन्धका कारण कतिले विवाहदर्ता, सन्तानको जन्मदर्ता, तथा नागरिकताको प्रमाणपत्र नबनाएको विषयमा आयोगमा महिलाहरू गुनासो र उजुरी लिएर आउने गरेको जनाएको छ । यसमा सबैभन्दा ठूलो समस्या जन्मदर्तामा हुने गर्छ । जन्मदर्ताका लागि बुवा अनिवार्य हुने कानुनी बाध्यतालाई सहज बनाउन मस्यौदामा यसखाले प्रस्ताव ल्याएको दाबी मस्यौदाकारहरूको छ ।**

**यद्यपि बहुविवाहलाई मान्यता नदिने कानुन प्रस्ट हुँदाहुँदै यस्तो विषयमा छिद्राहरू राखेर कानुन बनाउने धृष्टता पक्कै पनि राम्रो हैन । कतिपय सन्तान जसले जन्मदर्ता र आफ्नो परिचय पाउँदैनन् यस विषयमा राज्यले परिस्थितिजन्य कानुन बनाएर पीडकलाई सजाय र पीडितलाई न्याय दिनुपर्छ । यस विषयमा विज्ञहरूसँग खुला छलफल गरी मस्यौदा बन्नुपर्छ । जुनसुकै कानुन बन्दा लुकाएर भन्दा पनि खुला छलफल गरी अघि बढ्नुपर्छ ।**

**यसो गर्दामात्र लोकतन्त्र मजबुत हुनुका साथै माझिएका कानुन आउँछन् । यसरी सुटुक्क छिद्रा राखेर बढाइने कानुनी दफाहरूले भोलिका दिनमा घरेलु हिंसा बढ्न सक्छ । हुन त अहिले मस्यौदामा मात्र प्रस्तुत भएको विषयले पनि घरघरमा तरंग पैदा गरिदिएको छ । कानुन नै बनेर आएको खण्डमा यसले विकराल रूप लिने छ । त्यसैले यसखाले व्यवस्थालाई हटाएरमात्र मस्यौदा अघि बढाइयोस् ।**

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# स्थायी सरकार विकासको मूल आधार



■ पृथ्वीसुब्बा गुरुङ

> देश विकासका लागि सूचना प्रविधि मुख्य आधार हो भन्ने चीनबाट सिक्न सकिन्छ । चीनको समृद्धि देखेपछि विकासका लागि 'भिजेनरी' सरकार र 'भिजेनरी' नेतृत्वको आवश्यक रहेको महसुस गरेँ । योसँगै विकासको तीब्रताका लागि स्थायी सरकार हुनु अति महत्त्वपूर्ण कुरा रहेछ । त्यो सरकारको काम गर्ने कर्मचारीतन्त्र उत्तिकै सबल र सक्षम हुनु पर्‍यो । एउटा देश समृद्ध हुन, शासन व्यवस्था कायम गर्न, कर्मचारीतन्त्र र कुशल नेतृत्वले अहम भूमिका खेल्ने रहेछ ।

जापानको टोकियोमा गत मे २९, ३० र ३१ मा भएको एसिया प्यासिफिक टेलिकम्युनिटीको मन्त्रीस्तरीय बैठक सूचना प्रविधि, टेलिकमको क्षेत्रमा कसरी एकीकृत भएर जाने, कसरी सहकार्य गर्ने भन्ने विषयमा ध्यान केन्द्रित थियो । पछिल्लो समय संसारभरि नै 'डिजिटल डिभाइड' एकदमै डरलाग्दो समस्या भएर गइरहेको छ । कसरी 'डिजिटल डिभाइड' लाई कम गर्ने भन्ने कुरा सबैको चासोको विषय बन्यो । बैठकमा विभिन्न देशका मन्त्रीहरूले आ-आफ्ना देशका समस्याहरू र प्रगतिका कुराहरू पनि राख्नुभएको थियो ।

दोस्रो कुरा यो विषयलाई दिगो विकास लक्ष्यसँग पनि जोडिएको छ । दिगो विकासमा सूचना प्रविधि क्षेत्र र टेलिकमको के भूमिका हुनसक्छ ? भनेर त्यहाँ छलफल भएको थियो । त्यस्तै समानताको वातावरण कसरी निर्माण गर्ने भन्ने पनि चासोको विषय रह्यो । कोही पनि व्यक्ति इन्टरनेट र सूचना प्रविधिको पहुँचबाट टाढा नहोस् भन्ने मुख्य नारा हो । त्यो नारालाई पनि हामीले मन्त्रीस्तरीय बैठकको महत्त्वपूर्ण एजेण्डा बनाएका थियौं ।

एपिटीमा नेपालले आफ्नो कुरा राख्यो । त्यस सम्मेलनमा नेपालले यो वर्षभरिमा प्रत्येक नागरिकका घर-घर र कुना कुनामा 'फोर जी' मोबाइलको पहुँच विस्तार गर्न लागेको जानकारी गराइयो । यद्यपि, त्यसका लागि हाम्रा धेरै चुनौतीहरू छन् । यो वर्ष चाहिँ 'फाइभ जी' प्रविधि प्रारम्भ गर्दै छौं । सुरुमा काठमाडौं र पोखरामा सञ्चालन हुने छ । त्यसका लागि हामीले डिजिटल साक्षरता अभियान स्कुलदेखि सुरु गर्ने भनेका छौं । आइसिटी ल्याब र स्मार्ट बोर्डहरू स्थापना गर्ने कुराहरू एपिटीले पनि सहयोग गर्नुपर्‍यो भनेर माग गरेका छौं ।

सहयोगका लागि उहाँहरू एकदमै सकारात्मक हुनुहुन्छ । हामीले सूचना प्रविधिको विकास गर्नुअघि चाहिने आधार पूर्वाधार हो । सूचना प्रविधिको क्षेत्रको विकास गर्न हामी कहाँ कुनै पूर्वाधार नै छैन । यसका लागि मैलेचाहिँ सबै सहभागी राष्ट्रहरूसमक्ष नेपालमा लगानी गर्न आउनुहोस् भनेर अनुरोध गरेको छु । उहाँहरू सहयोगका लागि सकारात्मक हुनुहुन्छ । त्यस मन्त्रीस्तरीय बैठकमा ३७ देशका मन्त्रीहरू सहभागी थिए । नेपालमा सूचना प्रविधि क्षेत्रको विकासका लागि भौतिक पूर्वाधार जरुरी छ । यसमा तपाईंहरूले लगानी र अन्य सहयोग गर्न पनि सक्नुहुने छ भनेर भनेको छु ।

हामीकहाँ सूचना प्रविधिसम्बन्धी दक्ष जनशक्तिको पनि अभाव छ । सूचना प्रविधिसम्बन्धी कुनै काम थालनी गर्नुपर्‍यो वा डेटा सेन्टर नै खोल्नुपर्‍यो भने पनि सक्षम जनशक्ति छैन । 'फाइभ जी' नेटवर्क सुरु गर्नकै लागि पनि अनुसन्धानात्मक समूह बनाउनका लागि जनशक्तिकै अभाव छ । भवनमात्रै बनाएर भएन, त्यहाँ काम गर्ने जनशक्ति चाहियो । नेपालमा दक्ष जनशक्ति निर्माणका लागि विदेशी सरकार र संघसंस्थाहरूले आवश्यक तालिम उपलब्ध गराएर सहयोग गर्न सक्छन् । त्यसैले म आफू सहभागी भएका जति पनि अन्तर्राष्ट्रिय सम्मेलन, बैठकहरू छन्, त्यहाँ नेपालमा सूचना प्रविधि क्षेत्रको विकासका लागि सहयोगको आह्वान गरेको छु । एपिटीका पदाधिकारीहरू, त्यहाँका महासचिव डा. माशानोरी कोण्डोसँग कुरा गर्दा उहाँहरू जनशक्तिको विकास गर्ने र साक्षरताको अभियानमा सघाउने विषयमा प्रतिबद्ध देखिनुभएको छ । जापान भ्रमणका क्रममा त्यहाँका सूचना प्रविधिमन्त्री र सूचना प्रविधि क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूसँग पनि यिनै कुराहरू भएका छन् । नेपालमा बृहत् एकीकृत खालको डेटा सेन्टर निर्माण गर्ने योजनामा सहकार्य गर्न उनीहरू सकारात्मक छन् ।

जेनेभामा भएको इन्टरनेसानल टेलिकम्युनिकेसन युनियनको सम्मेलन अझै महत्त्वपूर्ण हो । संयुक्त राष्ट्रसंघलेसमेत संसारभरिका टेलिकम्युनिकेसन संस्थाहरूको साझा संगठनको रूपमा यस संस्थालाई मान्यता दिएको छ । 'वर्ल्ड समिट अन द इन्फरमेसन सोसाइटी (डब्ल्युएसआइएस) प्लस २० हाई-लेभल इभेन्ट २०२५' कार्यक्रममा विभिन्न देशका मन्त्रीहरू, विज्ञहरू, वैज्ञानिकलगायत उच्चस्तरीय व्यक्तिहरूको सहभागिता थियो । त्यहाँ पनि हामीले महत्त्वपूर्ण रूपमा आफ्ना कुरा उठायौं ।

हामीले उठाएका कुराहरू त्यहाँको आयोजक कमिटीले प्राथमिकतामा राखेको छ । त्यहाँ प्रस्ताव गरिएका विभिन्न ४२ वटा शीर्षकमध्ये २७ वटा विषय नेपालले उठान गरेका विषयसँग मेल खान्छन् । त्यस कार्यक्रममा नेपालको मध्यपहाडी लोकमार्गको आसपासका चिसो ठाउँ (जहाँ जलविद्युत् आयोजना पनि रहेको होस्) मा 'डेटा सेन्टर' बनाउन आग्रह गरेको छु । यहाँ हुँदा चिसाउनका लागि अतिरिक्त विद्युत् प्रयोग गर्नु पनि नपर्ने, विद्युत् खपत पनि बढ्ने र बिजुलीका लागि प्रसारणलाइन बनाइराख्नु पनि नपर्ने हुँदा डेटा सेन्टर स्थापना गर्न उपयुक्त हुने तर्क राखेको छु । यसो हुन सकेमा नेपाल सूचना प्रविधिको 'हब'को रूपमा विकास हुनसक्छ । आगामी डिसेम्बरमा हुन गइरहेको बैठकमा पनि मलाई आमन्त्रण गरिएको छ । त्यस बैठकमा यी नीतिहरूलाई स्वीकृत गर्ने एजेण्डा रहेको छ ।

इन्टरनेटको पहुँच अब मानवअधिकारको रूपमा स्थापित भएको छ । सन् २०१६ को राष्ट्रसंघीय महासभाले इन्टरनेटको पहुँच अब जनताको मौलिक अधिकार हो भनेर निर्णय गरेको छ । त्यसमा हरेक नागरिकले इन्टरनेट पहुँच पाउनुपर्छ भन्ने ठूलो नारा चलेको छ । तसर्थ, नेपाल पनि हरेक नागरिकमा इन्टरनेट पहुँच वृद्धि गर्ने अभियानमा निरन्तर छ । अर्को, नेपालको ३५ हजार माध्यमिक विद्यालयमा हामीले डिजिटल साक्षरता अभियान सुरु गरेका छौं । यो अभियानमा सूचना प्रविधिजस्ता अन्तर्राष्ट्रिय संस्थाले सहयोग गरिदिनुपर्‍यो भनेको छु । स्कूलहरूमा सूचना प्रविधि पूर्वाधारमा सहयोग गर्नेदेखि जनस्तरमा साक्षरता दिनेसम्मको कार्यमा सूचना प्रविधिले हातेमालो गर्नसक्छ भनेर आह्वान गरेको छु । यसै क्रममा महासचिव (डोरिन बोगदान मार्टिन) सँग पनि भेट्ने अवसर मिल्यो । उहाँलाई भेट्दा पनि मैले आफ्नै 'जिओ-स्याटलाइट' स्थापना गर्ने कुरा राखेको छु ।

नेपालको क्षेत्रफल यो भूगोलमात्रै होइन, जति भूगोलको अधिकार छ, त्यति नै आकाशको क्षेत्रफलमा पनि नेपालको सार्वभौम अधिकार छ । हामीमाथिको आकाशको पनि हामीले प्रयोग गर्ने अधिकार छ । जेनेभामा भएको इन्टरनेसानल टेलिकम्युनिकेसन युनियनको सम्मेलनमा पहिलोपटक टेलिकम्युनिकेसन र सूचना प्रविधिजस्तो अन्तर्राष्ट्रिय सम्मेलनमा मैले स्याटलाइटबारे कुरा राखेको थिएँ । हामी यो वर्ष स्याटलाइटको आधारभूत र नीतिगत कुरा सबै तयार गर्ने भनेका छौं । पहिला एउटा कम्पनीलाई नेपाल दूरसञ्चार प्राधिकरणद्वारा सम्भाव्यता अध्ययन गर्न दिइएको रहेछ । त्यहाँ केही काम हुन नसकेको स्थिति रहेछ । पाँच/छ करोड रूपैयाँमा हुने काम २४ करोड रूपैयाँमा दिएको र त्यो पनि कुनै राम्रो रिपोर्ट ल्याउन नसकेको अवस्था रहेछ । कस्तो रिपोर्ट चाहिन्छ त्यो पनि भन्न नसकेको अवस्था रहेछ । त्यसैले अहिले हामीले जे जति भयो भयो अब त्यसलाई रोकेर नयाँ थालनीबाट स्याटलाइट सुरु गर्ने भनेका छौं । अहिले हामी नेपालको अक्षांश र देशान्तरसँग मिल्नेगरी सेटलाइट अर्बिटल स्लट प्राप्त गरेका छौं ।

चीनको संघाइमा हालै सम्पन्न वर्ल्ड एआई कन्फ्रेन्स २०२५ हाइलेभल-मिटिङ अन ग्लोबल एआई गभर्नेन्समा नेपाललगायत विभिन्न देशका मन्त्रीहरूको सहभागिता रहेको थियो । अत्यन्त उच्च सम्मानका साथ नेपाललाई स्थान दिइएको थियो । त्यस अवसरमा चीनका प्रधानमन्त्री लि चीयाङले एआईसम्बन्धी राख्नुभएको अवधारणा निकै महत्त्वपूर्ण थियो । एआईको प्रयोग, विकास र साझेदारीमा कसैको मोनोपोली नहोस भनेर आबद्ध अन्तर्राष्ट्रिय संस्थाहरूमा सचेतनाको आह्वान गरिएको थियो ।

चीनका प्रधानमन्त्री चीयाङले एआईको प्रयोग, यसको विकास, यसको अनुसन्धानका बारेमा विस्तृत जानकारी गराउनुभयो । एआईको प्रयोग एकथरि पश्चिमा देशहरूले एकलौटी गर्न खोजेको पनि उल्लेख गर्नुभयो । धनी देशले यसको प्रयोग गरेर अघि बढ्दै जाने, गरिब देशले धेरै प्रयोग गर्न नपाउने परिस्थिति निर्माण हुँदै छ । यसले एआईको प्रयोगमा पनि धनी र गरिबबीचको खाडल देखिने छ । त्यसका लागि दीर्घकालीन आर्थिक विकास र स्थायित्वका लागि यो एकदमै खतरा हो । यसले असमानता पैदा गर्ने हुँदा संसारमा एआईको विकास र कार्यान्वयनका लागि समन्वयात्मक विकास संयन्त्रको आवश्यकता रहेकामा उहाँले जोड दिनुभएको थियो । एआई सबैका लागि भन्ने उहाँको धारणा थियो । जुन कुराले नेपालजस्तो मुलुकलाई प्रत्यक्ष लाभ हुने कुरा अनुभव गरेँ ।

चीनका प्रधानमन्त्री चीयाङले भनेजस्तै सबैका लागि एआई हुनुपर्ने धारणा पूरा गर्न विकासोन्मुख देशलाई ठूला देशले सहयोग गर्नुपर्छ । मैले त्यहाँ पनि यो कुरा उठाएको छु । एआईको विकाससँगै हामीलाई एआईको प्रयोग गर्ने जनशक्तिको विकासका लागि सहयोग गर्नु भनेको छु । त्यहाँको विश्वविद्यालयहरूमा हाम्रा विद्यार्थीलाई अध्ययन अनुसन्धानको अवसर प्राप्त हुनसक्छ । नेपालमै आएर आवश्यक तालिमको व्यवस्था र लगानी हुनसक्छ अथवा यहाँका संस्थाहरूले नेपालका संस्थाहरूलाई आर्थिक तथा सीपको सहयोग पनि गर्नसक्ने भनेको छु ।

दोस्रो कुरा हामी डिजिटल नेपाल फ्रेमवर्क भाग दुई कार्यान्वयन गर्दै छौं । त्यो प्रयोग गर्दा शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, वातावरण, उद्योग, विपद् व्यस्थापनमा चाँडो कसरी गर्ने भन्ने कुरामा पनि डिएनएफ २.० अन्तर्गत एआईको प्रयोग गर्ने भनेका छौं । कृषिमा आधुनिकीकरण कसरी गर्ने भन्ने कुरा गरेका छौं । उनीहरूको सहयोगको कुरा विस्तार गर्ने सम्भावना देखिन्छ । डिएनएफ २.० मार्फत हामीले हरेक क्षेत्रमा स्मार्ट माध्यम अपनाएर काम गर्न सक्छौं । नेपालले इ-गभर्नेन्सलाई बढी जोड दिएको, डेटा सेन्टरको निर्माण गर्ने, 'नलेज पार्क' बनाउन खोजेको कुराहरू उठाएको थिएँ । यी कुराहरूमा चीनले चासो देखाएको छ । पछिल्लो समय चीनले धेरै काम एआईमार्फत गराएको छ । गाउँलाई नै एआइसिटी बनाएको रहेछ । घर-घरमा औषधि पुऱ्याउनेदेखि विपद् व्यवस्थापनसम्मका काम एआईले नै गरेको रहेछ । एआई सोसाइटीको कल्पना त्यहाँ गज्जबले देख्न पाएँ ।

देश विकासका लागि सूचना प्रविधि मुख्य आधार हो भन्ने चीनबाट सिक्न सकिन्छ । चीनको समृद्धि देखेपछि विकासका लागि 'भिजेनरी' सरकार र 'भिजेनरी' नेतृत्वको आवश्यक रहेको महसुस गरेँ । योसँगै विकासको तीव्रताका लागि स्थायी सरकार हुनु अति महत्त्वपूर्ण कुरा रहेछ । त्यो सरकारको काम गर्ने कर्मचारीतन्त्र उत्तिकै सबल र सक्षम हुनु पर्‍यो । एउटा देश समृद्ध हुन, शासन व्यवस्था कायम गर्न, कर्मचारीतन्त्र र कुशल नेतृत्वले अहम भूमिका खेल्ने रहेछ ।

हामीले यहाँ 'फाइभ जी' टेक्नोलोजी सुरु गर्ने भन्दै आइरहेको पनि लामो समय भयो । तर, छिमेकी मुलुक चीनमा 'सिक्स जी'को अनुसन्धान भइरहेको छ । हामी निकै पछाडि छौं जस्तो लाग्यो । तर, मैले 'फाइभ जी'लाई यो वर्ष काठमाडौं र पोखराबाट सुरु गर्ने योजना बनाएको छु । सम्भवतः आगामी माघ, फागुन महिनातिर 'फाइभ जी' शुभारम्भ गर्ने छौं । अब एआई प्रयोग गर्न जानिएन भने हामी विकासका हिसाबले अरुभन्दा निकै पछि परिन्छ । अबको युग एआईको युग हो । जुन चीनको एआई समृद्धि अवलोकन गरेपछि मलाई अझै नजिकबाट त्यसको महत्त्व महसुस भयो ।

सूचना प्रविधि क्षेत्रको विकासका लागि हामीलाई सबैभन्दा पहिले नीति आवश्यक छ । नीतिको आधारमा त्यसको ऐन कानुनको जरुरी पर्छ । नेपाल अहिले त्यही चरणमा छ । यो आर्थिक वर्ष सबै कानुन, ऐन, नीति निर्माणका कार्यहरू सकाउने तयारीमा छौं । नीति र कानुन नभई कार्यान्वयन कसरी हुन्छ ? दोस्रो कुरा नीति र कानुन बनाएपछि कार्यान्वयन गर्नका लागि त्यसको पूर्वाधार चोहियो । 'डेटा सेन्टर, रिर्सच सेन्टरहरू, नलेज पार्क'लगायत सूचना प्रविधिका पूर्वाधार निर्माण गर्नुपर्छ । तेस्रोमा जनचेतनाको अभियान पनि सँगै लानुपर्छ । अहिले एआई नीति मन्त्रालयले मस्यौदा गरिरहेको छ । छिटै यसलाई पारित गराउने तयारीमा छौं ।

पहिलो कुरा त स्थायी सरकार हुनुपर्छ । होइन भने एउटा सरकारले ल्याएको 'भिजन'लाई मन्त्रीहरू परिवर्तन भएको खण्डमा पनि त्यो निरन्तरता दिनुपर्छ । सरकारपिच्छे मन्त्री फेरिने र मन्त्रीसँगै 'भिजन' फेरिने परिपाटीले गर्दा यो मुलुकमा विकासले मूर्तरूप लिन नसकेको हो । त्यसैले स्थायी सरकार बनाउनुपरेको हो । जुन अहिले हामीसँग छ । चीनको विकास हेर्दा स्थायी सरकार विकासको मूल आधार हुनसक्ने महसुस भयो । अर्को कुरा सूचना प्रविधि 'हब' बनाउन त्यसका लागि आवश्यक पर्ने भौतिक संरचना निर्माण गर्नुपर्छ । सञ्चार मन्त्रालयले यो वर्ष सूचना प्रविधि 'हब'को विकासका लागि पूर्वाधार बनाउने कार्यमा जोड दिएको छ ।

इ-गभर्नेन्सको महत्त्वपूर्ण पाटो भनेकै एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) हो । धेरै महत्त्वाकांक्षी भइयो भने पूरा गर्न सकिँदैन भनेर हामी योजना बनाउनै डराउँछौं । थोरै लक्ष्यमै सीमित हुने परिपाटीले गर्दा विकासले फड्को मार्न नसकेको हो जस्तो लाग्छ । मन्त्रालयमा कर्मचारीहरूलाई धेरै पटक भन्ने गर्छु कि सपना ठूलो देखौं भनेर । केन्द्रदेखि स्थानीय स्तरसम्मका सबै कार्यालयहरू, नेपाल सरकारको मन्त्रालय, विभाग, निकायहरूमा जिआइओएमसको प्रणाली जडान गर्नुपर्‍यो भन्नेमा जोड दिएको छु । हाम्रो वेबसाइटहरूमा पनि एकरूपता जरुरी छ । हामी हाल जिआइओएमएस नेपालभर बनाउने अभियानमा छौं । यो भयो भने, मुलुकमा सुशासन कायम गर्ने, जनताको सेवा छिटोछरितो बनाउने, राजस्व वृद्धि गर्नेजस्ता कुराहरूमा निकै ठूलो उपलब्धि प्राप्त हुने छ ।

*(सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङसँग राससले गरेको कुराकानीमा आधारित)*

## पाठक मञ्च

# नाममात्रैको अनलाइन सेवा

अहिले अधिकांश सेवाहरू डिजिटलाइज्ड भइसकेका छन् । सरकारले पनि आफ्नो सेवालाई डिजिटल माध्यमतर्फ लगिरहेको छ । तर, के ती सेवा प्रभावकारी छन् त ? छैनन् । सरकार भन्छ, 'अनलाइनमार्फत सेवा लिनूस्, कार्यालयसम्म धाउनै पर्दैन ।' पढेलेख भएका, इन्टरनेट भएका, हातमा मोबाइल र कम्प्युटर भएकाले अनलाइनमार्फत सेवा लेलान् । नपढेका, इन्टरनेटको पहुँच नभएका, हातमा मोबाइल नभएकाहरूको हकमा के ? उनीहरू त जहाँबाट भए पनि सरकारी कार्यालय नै धाउनुपर्‍यो । कार्यालय आएर दलालीमार्फत लुटिनैपर्‍यो ।

केही दिनअगाडिको कुरा हो, भक्तपुरको राधेराधेस्थित यातायात व्यवस्था कार्यालयमा सेवाग्राहीको भीड थियो । दलालीहरू त्यहाँ खुलेआम लाइसेन्सको बार्गेनिङ गरिरहेका थिए । अर्कोतर्फ, लेखनदासहरूले पनि निवेदन लेखेको चर्को रकम मागिरहेका थिए । यो त एउटा नमूनामात्र थियो । हरेक सरकारी कार्यालयको अवस्था यस्तै छ । सेवा अनलाइनबाट भए पनि एकदमै झण्झटिलो छ । कहिले बेभसाइट चल्दैन त कहिले के ? जसका कारण सबै कार्यालय नै धाउनुपर्ने बाध्यता छ । अनलाइन त नाममात्रको सेवा बन्न पुगेको छ । सेवाग्राहीले कति दुःख पाएका छन् ? सरकारी कार्यालयका हाकिमहरूलाई थाहा हुँदैन ।

सरकारी कर्मचारी 'दिन कटाउने र माना पचाउने' ध्याउन्नमै छन् । जसका कारण सेवाग्राहीले धेरै दुःख पाइरहेका छन् । हाकिमहरू दिनभर अर्का कर्मचारीको कोठामा गएर गफिएर बस्छन् । जबकि, उनीहरूले त दिनभर कार्यालयमा के भइरहेको छ ? सेवाग्राहीले कस्तो सेवासुविधा पाइरहेका छन् ? सेवादेखि सेवाग्राही सन्तुष्ट छन् कि छैनन् ? दलालीले ठगेका छन् कि छैनन् ? अनुगमन गर्नुपर्ने हो । तर, त्यस्तो छैन । एकातिर सहज रूपमा सेवा पनि दिन सक्दैनन्, अर्कोतिर दलालीको बिगबिगी रोक्न कुनै कदम पनि चाल्दैनन् । नेपालका सरकारी कार्यालय सेवाग्राहीलाई रणभुल्ल बनाउने खालको छ ।

सर्वसाधारणले बुझ्नेगरी कार्यालयमा बोर्ड राखिएको हुँदैन । अर्कोतिर, सेवाग्राहीलाई सूचना दिनका लागि राखिएको कर्मचारीहरू पनि दिनभर डेस्कमा हुँदैनन् । जसले गर्दा सेवाग्राही बिचौलियासँग ठोक्किन पुग्छन् । सरकारले निःशुल्क दिएका सेवाहरू बिचौलियामार्फत महँगो शुल्क तिरेर गर्नुपर्ने बाध्यता सेवाग्राहीलाई छ । हुन त दलालीसँग सरकारी कार्यालयका हाकिम नै मिलेका हुन्छन् । हाकिम र दलालीको सेटिङमा सरकारी कार्यालयमा लुट मच्चिएको छ । हाकिमहरू जानाजान सेवाग्राहीलाई दलालीकहाँ जानुपर्ने अवस्था सिर्जना गरिदिन्छन् । उनीहरू कुनै बेलापनि आफ्नो कार्यकक्षमा हुँदैनन् ।

सेवाग्राहीले केही समस्या वा गुनासो भए पनि सुनिदिने कोही हुँदैन । जसले गर्दा उनीहरू दलालीकहाँ जानुपर्ने बाध्यता आइपर्छ । जबकि, सरकारी कार्यालयका कर्मचारी कार्यालय समयभर आफ्नो कार्यकक्षमा हुनुपर्ने हो । लेखनदासहरू बिरालोले मुसा ढुकेझैं ढोकामा सेवाग्राही ढुकेर बस्छन् ।

सेवाग्राही आउनेबित्तिकै झम्टिहाल्छन् । त्यसपछि उनीहरूलाई 'मुर्गा' बनाइन्छ । यता, कर्मचारीहरू पनि सेवाग्राहीमार्फत आएको काम नगर्ने । दलाली र लेखनदासले ल्यायो भने तुरुन्तै गरेर पठाइदिने । मुलुकको कर्मचारीतन्त्रकै कारण सरकारी कार्याल्यमा दलालीको रजगज चलेको प्रस्टै छ । जुनसुकै व्यवस्था आए पनि घुसले देशलाई कहिल्यै नछोड्ने भयो । सेवाग्राहीले कहिल्यै सहजरूपमा सेवा नपाउने भए । सरकार भन्छ, 'गाउँगाउँमा सिंहदरबार' । गाउँगाउँमा सिंहदरबार होइन, ठगहरूको दरबार हो । एउटा सेवा लिन राजधानीमा त महिनादिन लाग्छ भने गाउँको त कुरै छोडौं ।

**– अनुसा थापा, भक्तपुर**



**कोशी ब्यारेजको मर्मत** | **सप्तकोशी नदीमा कोशी ब्यारेज भएर बग्ने पानीको बहाव बढेका बेलामा कोशी ब्यारेजको २७ नं ढोकामा भत्केकोलाई मर्मत सम्भार गर्दै । कोशी ब्यारेजको मर्मत सम्भार भारत सरकारले गर्ने गरेको छ ।**

*तस्बिरः अजितकुमार झा/रासस*

# कार्यस्थलमा छैन स्तनपान कक्ष

■ **नारायण अधिकारी**

**चितवन–** सरकारले सुत्केरी महिलाका लागि तीन महिना बिदा दिने गरेको छ । निजी क्षेत्रमा भने यो सुविधा अझै सबैले पाइसकेका छैनन् । यसो त स्वस्थ बच्चाका लागि कम्तीमा दुई वर्ष नियमित स्तनपान गराउनुपर्ने हुन्छ ।

तीन महिनापछि नियमित काममा फर्किने कर्मचारी होस् वा पेसा व्यवसायमा लाग्नेहरूले चाहेर पनि आफ्ना सन्तानलाई आवश्यक मात्रामा स्तनपान गराउन पाएका हुँदैनन् । काम गर्ने थलोमा स्तनपान गर्नका लागि ठाउँको अभाव हुने गर्दछ ।

इलाम घर भएर व्यावसायिक कीट विकास केन्द्र भण्डारामा कार्यरत सुरुचि त्रिपाठीको शिशु अहिले एक वर्ष छ महिना पूरा भएको छ । उनी कृषि विकास कार्यालय चितवनमा कार्यालयमा हुँदा नवजात शिशुलाई जन्म दिइन् । शिशु जन्मिएपछि तीन महिना नियमित आमाको दूध खुवाएको भए पनि पछि कार्यालयको कामको चापले गर्दा नियमित स्तनपान गराउन पाइनन् । उनले भनिन्, 'घर र कार्यालय दुवैमा सहयोग गर्ने व्यक्ति भयो भने सहज हुने रहेछ ।'

कार्यालयमा कार्यालय प्रमुख कस्तो छ भन्नेमा भर पर्नुपर्ने हुँदा समस्या हुने उनको भनाइ छ । टाढा घर हुनेलाई बच्चाको हेरचाहदेखि नियमित स्तनपानको समस्या हुने गरेको उनले बताइन् । बच्चा आमाको दूधमा निर्भर हुने समयमा बच्चालाई छाडेर जाँदा उसको शारीरिक वृद्धिमासमेत समस्या हुने गरेको उनले सुनाइन् । बच्चाको सुनौलो एक हजार दिन भन्ने गरिए पनि सरकारी तथा निजी क्षेत्रमा कार्यरत आमाहरूलाई स्तनपान गराउन समय नमिल्ने उनले बताइन् ।

पत्रकार प्रतिमा सिलवाल आफूले छोरालाई चार महिनामात्रै नियमित स्तनपान गराउन पाएको बताउँछिन् । काठमाडौंमा बसेर काम गर्दैगर्दा कार्यालय टाढा भएकाले दिउँसोको समयमा स्तनपान गराउन नपाएको गुनासो गरिन् । उनले भनिन्, 'एकातर्फ मलाई गाह्रो हुन्थ्यो, अर्कोतर्फ बाबुलाई ल्याक्टोजिन खुवाउनुपर्थ्यो ।' आफूलाई जस्तै धेरै आमाहरूले यो समस्या भोगिरहेको सिलवाल बताउँछिन् ।

भरतपुर महानगरपालिका-९ शरदपुर निवासी स्वस्तिका चौहानको पनि समस्या उस्तै छ । शिशु जन्मिएको तीन महिनादेखि कार्यालयको काममा आएकी उनको बच्चा अहिले एक वर्ष छ महिनाको छ । नजिकै घर भएकाले त्यस्तो ठूलो समस्या नभए पनि महिला कर्मचारीलाई बच्चा जन्मिएपछि समस्या हुने गरेको उनले बताइन् ।

सरकारी कर्मचारी उनी बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म कार्यालयमा काममा हुँदा बच्चालाई आवश्यकताअनुसार स्तनपान गराउन कठिन हुने बताउँछिन् । हरेक दुई/दुई घण्टामा बच्चालाई स्तनपान गराउन जानसमेत सम्भव नहुने हुँदा समस्या पर्ने गरेको उनको भनाइ छ ।

चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालकी बालरोग विशेषज्ञ डा. स्वेच्छा अधिकारी स्तनपान बच्चाको पहिलो र सबैभन्दा महत्त्वपूर्ण आहार भएको बताउँछिन् । उनले भनिन्, 'यो केवल खानामात्र होइन, रोगसँग लड्ने शक्ति दिने प्राकृतिक औषधि पनि हो ।' स्तनपान बच्चा र आमा दुवैका लागि अमूल्य उपहार भएको बताउँदै डा. अधिकारीले भनिन्, 'आमाको दूध सीधै स्तनबाट बच्चालाई दिइन्छ । यसमा कुनै तयारी गर्नु पर्दैन, तापक्रम पनि बच्चाका लागि उपयुक्त हुन्छ र यो पूर्णरूपमा संक्रमणमुक्त हुन्छ ।'

आमाको दूधमा बच्चाको रोगसँग लड्ने क्षमतालाई बढाउने तत्वहरू हुने जनाउँदै उनले स्तनपान गराइएका शिशुहरूको मस्तिष्क विकास अन्यको तुलनामा बढी राम्रो हुने उनले जानकारी दिइन् । उनले भनिन्, 'आमाको दूधमा यस्तो तत्व हुन्छ जुन न्युरोलोजिकल विकासमा सहयोग गर्छ, जुन गाई वा अन्य दूधमा हुँदैन ।' बच्चालाई आमासँग नजिक हुनु, सुरक्षित महसुस हुनु र मायाको अनुभूति हुनु यहीँबाट सुरु हुने उनको भनाइ छ । डा. अधिकारीले भनिन्, 'पूर्णरूपमा स्तनपान गरेको बच्चामा एलर्जी, दम, पेटको संक्रमण, मोटोपन, मधुमेह, उच्च रक्तचाप र मुटुको रोगहरू कम हुने सम्भावना हुन्छ ।'

बच्चालाई मात्रै नभएर स्तनपानले आमालाई पनि फाइदा हुने उनको भनाइ छ । डा. अधिकारीका अनुसार बच्चा जन्मेपछि जब आमाले स्तनपान सुरु गर्छिन्, तब पेटभित्रको बच्चा बस्ने अंग (गर्भाशय) खुम्चिन थाल्छ । यसले गर्दा धेरै रगत बग्ने सम्भावना घट्छ र आमाको शरीर चाँडै ठीक हुन मद्दत हुन्छ ।

स्तनपान प्राकृतिक गर्भनिरोधक हुने बताउँदै डा. अधिकारीले क्यान्सरको जोखिम घटाउने बताइन् । भरतपुर अस्पतालका बालरोग विशेषज्ञ डा. खेमप्रसाद पौडेलले स्तनपानका फाइदा बुझाउन आवश्यक रहेको बताए । नवजात शिशुलाई दुई वर्षसम्म स्तनपान गराउनुपर्ने उनले बताए । शिशुहरूको राम्रो वृद्धिविकासका लागि महत्त्वपूर्ण आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्थापनमा सबैले सहयोग गर्नुपर्ने उनको भनाइ छ । कार्यालयमा अनिवार्यरूपमा स्तनपान कक्ष हुनुपर्ने, स्तनपान गराउने आमाहरूलाई अतिरिक्त समय व्यवस्थापन गरिदिनुपर्ने, आमनागरिकले आफ्नो ठाउँबाट स्तनपान गराउनका लागि सहयोग गरिदिनुपर्ने उनको सुझाव छ । *रासस*

# अस्पताल सञ्चालनको पर्खाइमा चन्द्रकोटवासी

**तम्घास (गुल्मी)–** 'म आफैंलाई मधुमेह (सुगर) छ, नियमित जाँच र औषधि लिन बुटबल जानुपर्छ,' चन्द्रकोट गाउँपलिका-६ हरेवाकी लीलमाया शर्माले भनिन्, 'घरैअगाडि १५ शयचाको अस्पताल बनेको छ, सञ्चालनमा नआउँदा सेवा लिन पाइएको छैन ।'



शर्माले अस्पताल बनाउने समयमा आफूहरूले गरिखाने खेत माया मारेर अस्पतालका लागि जग्गा दिए पनि अहिले सञ्चालनमा नआउँदा दुःख लागेको बताइन् । उनको घरबाट नवनिर्मित १५ शयचाको चन्द्रकोट अस्पताल पाँच मिनेटभन्दा कम दूरीमा छ । तर निर्माण सम्पन्न भएपछि आफूहरू अस्पताल सञ्चालनकै पर्खाइमा हुँदा शर्माले त्यसको उपभोग गर्न पाएकी छैनन् । उनले नजिकैको अस्पताल सञ्चालनमा आए आफूजस्ता अन्यलाई पनि औषधि लिनका लागि बुटवलसम्म आवतजावत गर्ने समय र पैसाको बचत हुने बताइन् ।

'अस्पताल छिटो सञ्चालनमा आउनुपर्छ,' शर्माले भनिन् । उनले निःशुल्क रूपमा चारआना जग्गा पनि प्रदान गरेकी थिइन् । २०७७ मंसिर १५ मा देशभरका ३९६ पालिकामा एकैसाथ पाँच, १० र १५ शयचाका आधारभूत अस्पतालको शिलान्यास गरिएको थियो । जसमा चन्द्रकोट गाउँपालिका-६ मा १५ शयचाको आधारभूत अस्पतालको तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले शिलान्यास गरेका थिए । हाल अस्पताल निर्माण सम्पन्न भएपछि चन्द्रकोटवासी सञ्चालनको पर्खाइमा छन् ।

स्थानीय कुमारबहादुर सार्कीले अस्पताल सञ्चालन नहुँदा उपचारका लागि पाल्पा वा बुटबल धाउनुपर्ने बाध्यता रहेको बताए । उनले अस्पताल सञ्चालनका लागि प्रदेश र संघीय सरकारले पनि ध्यान दिनुपर्ने बताए । उनले भने, 'यति ठूलो अस्पताल पालिका एक्लैले सञ्चालन गर्न सक्दैन, प्रदेश र संघीय सरकारले पनि सहयोग गर्नुपर्छ ।' चन्द्रकोट गाउँपालिका-६ मा १३ करोड ६६ लाख रूपैयाँको लागतमा १५ शयचाको भवन निर्माण गरिएको हो । चन्द्रकोटमा अस्पतालका साथसाथै चिकित्सक बस्ने दुईतले आवास भवन पनि निर्माण गरिएको छ ।

गाउँपालिका अध्यक्ष युवराज केसीले अस्पताल सञ्चालनका लागि चिकित्सकको विज्ञापन खुलाउने गरी बजेट स्वीकृत गरिएको बताए । *रासस*

# मुक्तिक्षेत्रमा सुरु भयो 'यार्तुङ'को रौनक

■ **सुन्दरकुमार थकाली**



**मुस्ताङ–** वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा सांस्कृतिक पर्व 'यार्तुङ' आरम्भ भएको छ । यहाँको वडा एक खिंगा गाउँबाट यस वर्षको 'यार्तुङ' पर्व थालिएको हो । सोमबार खिंगा गाउँका गाउँलेले यार्तुङ पर्व हर्षोल्लासमय रूपमा मनाएका छन् ।

'यार'को अर्थ 'बर्खा' र 'तुङ'को अर्थ 'समाप्ति' भन्ने बुझिन्छ । यसैका खातिर बर्खायाम सकिएको र हिउँदयाम सुरु भएको भन्दै खिंगा गाउँमा यार्तुङ पर्व मनाइएको हो । बर्खायाममा उवा र जौंलगायतका अन्नबाली थन्क्याएर खेतबारीमा फापरबाली छरेपछि वारागुङ मुक्तिक्षेत्रमा 'यार्तुङ' पर्व मनाइने गरिन्छ । यार्तुङ पर्वका बेला यहाँका स्थानीय नागरिक फुर्सदिला हुन्छन् । यही फुर्सदिलो महिनामा धार्मिक तथा सांस्कृतिक पर्व यार्तुङ सदीयौंदेखि मनाइने गरिएको हो ।

यार्तुङ पर्वमा प्रकृति र विश्वशान्तिको कामना गरिने प्रचलन रहेको वारागुङ मुक्तिक्षेत्र-१ वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिए । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाभित्रका १९ वटा गाउँ र उपल्लो मुस्ताङमा फरकफरक तिथिमा यार्तुङ पर्व मनाइने गरिएको छ । खिंगा गाउँमा औपचारिक रूपमा यार्तुङ पर्व मनाउने क्रमको प्रारम्भ भएको उनले बताए । खिंगाबाट सुरु भएको धार्मिक तथा सांस्कृतिक पर्व यार्तुङ त्यसपछि क्रमशः यहाँका सबै स्थानमा गुरुङ, विष्ट र लोवा समुदायले मनाउने प्रचलन छ ।

सोमबार खिंगा गाउँमा सबै घरका स्थानीय नागरिक समाजघरमा एकतृत भएका थिए । समाजघरमा जम्मा भएका स्थानीय गुरुङ समुदाय गाउँकै गुम्बामा सामूहिक रूपमा यार्तुङ पर्वको धार्मिक पूजापाठमा उपस्थित भए । गुम्बामा पुजारीद्वारा पूजापाठ सकेपछि पुनः समाजघरमा खानपान गरेर यार्तुङ पर्वको कार्यक्रममा सहभागी भएको वडाध्यक्ष गुरुङको भनाइ छ ।

स्थानीय पुरुष तथा महिलाको आफ्नो जातीय मौलिक वेशभूषा पहिरिएर मुक्तिनाथ मन्दिर र त्यहाँको नरसिंह गुम्बाको दर्शनमा निस्किएका थिए । अठार वर्षदेखि ६० वर्षसम्मका पुरुष तथा महिलाहरूले धार्मिक तथा सांस्कृतिक प्रचलनअनुसार यार्तुङ पर्वलाई आत्मसात् गर्दै खिंगा गाउँबाट मुक्तिनाथसम्मको यात्रा पूरा गरेका थिए । पुरुषहरू वेशभूषामा चिटिक्क सजिदै घोडामा सवार थिए भने महिला घोडाको अघिअघि स्थानीय भाषामा यार्तुङसम्बन्धी गीत गाउँदै मुक्तिनाथतर्फ लागेका थिए ।

महिलाले स्थानीय भाषामा गीत गाउँदै यार्तुङ पर्व आयो, यार्तुङमा सबैलाई राम्रो भयो, अनिष्ट भएन, प्रकृतिले साथ देओस् र सबैतिर शान्ति छाओस् भन्ने कामना गरेको खिंगा गाउँकी स्थानीय सेर्केनी गुरुङले उल्लेख गरिन् । यार्तुङमा गाइने स्थानीय भाषाको गीतलाई फेन्दुन छोकी रिला भन्ने गरिएको स्थानीय सेर्केनीको भनाइ छ ।

यहाँको खिंगा गाउँबाट दर्जनौं घोडाको लावालस्करसहित निस्किएको टोलीले मुक्तिनाथ मन्दिर र त्यहाँको गुम्बा दर्शन गरी पुराङ रानीपौवामा फर्किएको थियो । खिंगा गाउँका युवाले मुक्तिनाथस्थित पुराङ रानीपौवामा साहसिक रूपमा घोडा दौडाएका थिए । गाउँका पुजारीसहित निस्किएको यार्तुङ टोलीले रानीपौवामा स्थानीय स्याब्रो नाच र स्थानीय भाषाको गीत गाउँदै रमाइलो गरेका थिए । *रासस*

# जंगली हात्ती दिउँसै बस्तीमा पसेपछि...

**कञ्चनपुर (प्रस)–** कञ्चनपुरको लालझाडी गाउँपालिका-४ स्थित जाई-पर्सिया गाउँमा दिउँसै जंगली हात्ती प्रवेश गर्न थालेको छ । हात्ती बस्ती क्षेत्रमा दिउँसै देखिन थालेपछि स्थानीय बासिन्दा त्रसित भएका छन् ।

मंगलबार दिउँसो भाले वयस्क हात्ती गाउँ छिरेर सडक र खेतबारी हुँदै हिँडिरहेको देखिएको हो । हात्ती गाउँ पसेपछि स्थानीयले होहल्ला गरेर शुक्लाफाँटा राष्ट्रिय निकुञ्जतर्फ भगाएका थिए । हात्ती पुनः बस्तीमा फर्कने डर कायमै रहेको स्थानीय लक्ष्मण रानाले बताए । 'हात्तीले प्रत्येक वर्ष बाली नष्ट गर्छ, गत वर्ष एक जनाको ज्यानसमेत लिएको थियो,' उनले भने, 'हामी त्रसित छौं, हात्ती नियन्त्रणमा लिन सम्बन्धित निकायसँग माग गरिरहेका छौं ।'

जाई-पर्सिया गाउँमा प्रत्येक वर्ष जंगली हात्ती प्रवेश गर्ने, किसानको बालीमा क्षति पुर्‍याउने र जनधनको क्षति पुर्‍याउने काम गर्दै आएको छ । हात्ती लालझाडी संरक्षण क्षेत्र हुँदै जाई र पर्सिया गाउँ पसेको गाउँपालिकाका अध्यक्ष निर्मल रानाले बताए ।

लालझाडी सबडिभिजन वन कार्यालयका प्रमुख करुणकर जोशीले लालझाडी संरक्षण क्षेत्रमा पाँच जंगली हात्ती रहेको जानकारी दिए । उनका अनुसार हात्ती बस्ती हुँदै निकुञ्जतर्फ आउजाउ गर्ने गरेको छ । हात्ती बस्तीतर्फ जुनसुकै बेला पनि आउन सक्ने भएकाले स्थानीय बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरिएको उनले बताए ।

## गोसाइँकुण्डमा स्वास्थ्य शिविर

**रसुवा (प्रस)–** जनैपूर्णिमा पर्वका अवसरमा पवित्र धार्मिक तीर्थ गोसाइँकुण्ड पुग्ने भक्तजनको प्राथमिक उपचारका लागि हिमालय उद्धार संघले गोसाइँकुण्डमा स्वास्थ्य शिविर सञ्चालन गरेको छ । संघका कार्यकारी निर्देशक गोविन्द बस्यालका अनुसार आफ्नो संस्थाको तर्फबाट अक्सिजनसहित विशेषज्ञ चिकित्सकको टोली गोसाइँकुण्डको किनारमा शिविर सञ्चालन गरिरहेका छन् ।

हालसम्म ११० जनाको प्राथमिक उपचार गरिसकिएको उनले जनाकारी दिए । उनका अनुसार स्वास्थ्य टोलीमा डा. पदम जोशीको नेतृत्वमा छ जना विशेषज्ञ चिकित्सक एवं एक जना स्वास्थ्य प्राविधिक सहजकर्ता रहेका छन् । समुद्र सतहबाट चार हजार ३८० मिटरको उचाइमा अवस्थित पवित्र तीर्थ गोसाइँकुण्डमा श्वासप्रश्वासमा कमी भएर आएका बिरामीलाई अक्सिजन लगाएर उपचार सेवा दिइएको निर्देशक बस्यालले जानकारी दिए । विगत २५ वर्ष अघिदेखि गोसाइँकुण्डका धार्मिक यात्रुलाई उपचार सेवा प्रदान गर्दै आएको उक्त संस्थाले यही साउनको मंगलबारदेखि स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको हो ।


**युएइमा रोजगार** — कम्पनी : LULU HYPERMARKET LLC

पूर्व स्वीकृति मिति : २०८२/04/२१ | LT. No. 327911 | चलानी नं. ६०२४२४२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packer | 200 | 0 | 1000 | ३८,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९

**मलेसियामा रोजगार** — कम्पनी : SUPER COWBOY WHOLESALE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/04/२० | LT. No. 328357 | चलानी नं. ६०२४१०५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 5 | 0 | 1700 | ५६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Augh. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MERIDIAN OVERSEAS PVT. LTD.
Dhumbarahi, Kathmandu, Nepal. Tel. : +977-1-014547371/72, 9805513901
श्रम ईजाजत नं. ६१३/०६२/०६३

**युएइमा रोजगार** — कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२१ | LT. No. 318570 | चलानी नं. ६०२३२८१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 100 | 0 | 800 | ३०,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(Red Sun Solutions Pvt.ltd)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np

**युएइमा रोजगार** — कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI

पूर्व स्वीकृति मिति : २०८२/04/२१ | LT. No. 328549 | चलानी नं. ६०२४२४०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 61 | 0 | 1000 | ३८,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drilling Operator | 90 | 0 | 1500 | ५७,३४० | | | | | | | |
| 3 | Painter | 10 | 0 | 1500 | ५७,३४० | | | | | | | |
| 4 | Riggers | 2 | 0 | 1500 | ५७,३४० | | | | | | | |
| 5 | Welders | 37 | 0 | 1500 | ५७,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

प्रभाव दैनिक

रूपशाला

बिहीबार, २२ साउन, २०८२ (Thursday, 07 August 2025)

## गायक शर्मा सवार गाडी दुर्घटना

गायक पशुपति शर्मा सवार गाडी स्याङ्जामा दुर्घटना भएको छ। भिरकोट नगरपालिका वडा नम्बर–२ स्थित बयरघारीमा शर्मा सवार गाडी बुधवार दुर्घटना भएको स्याङ्जाका एसपी दधिराम न्यौपानेले रातोपाटीलाई बताए। उनले भने, 'गाडीको अगाडीको भागमा हल्का क्षति पुगेको छ, यात्रुलाई केही भएको छैन।' सडकको कल्भर्टमा ठोक्किएर गाडी दुर्घटना भएको हो। शर्मा सकुशल भएको उनले बताएका छन्।



# अमेरिकामा हिमालय एकेडेमीको 'ग्लोबल कल्चरल फेसन शो'




■ प्रभाव संवाददाता

**काठमाडौं –** अमेरिकाको एक्रोनमा 'ग्लोबल कल्चरल फेसन शो' भएको छ। ओहायोको एक्रोन सहरस्थित हिमालय आर्ट्स ल्याङ्ग्वेज एण्ड कल्चरल एकेडेमीले गत अगस्ट ३ मा विश्वव्यापी सांस्कृतिक फेसन शो आयोजना गरेको हो।

'पहिचान, सम्पदा र सद्भावको विश्वव्यापी उत्सव' भन्ने नाराका साथ भएको कार्यक्रममा विभिन्न देश र समुदायका बालबालिका र किशोरकिशोरीले आ–आफ्नो सांस्कृतिक पहिचान झल्काउने पोसाकमा सजिएर फेसन शोमा भाग लिए।

नेपाली, अमेरिकी, बर्मेली, भुटानी, चिनियाँ, ल्याटिन अमेरिकी, भारतीय, अफ्रिकी, कोरियाली, जापानी लगायत देशका ५ देखि १८ वर्षसम्मका युवायुवतीले फेसन शोमा सहभागिता जनाएको हिमालय एकेडेमीका सञ्चालक पुष्प गजमेरले जानकारी दिए।

फेसन शोका अतिरिक्त कार्यक्रममा सांस्कृतिक गायन तथा नृत्यको पनि प्रस्तुति रहेको थियो।

कार्यक्रम प्यानलमा अमेरिकी र्‍यापर जेजे ग्राहम, कोरियोग्राफर तथा कलाकार निराली श्रेडर, प्राध्यापक डा. विक्की कोलम्यान गालाघर, र कलाकार दिनेश सुनार थिए। त्यसअवसरमा विभिन्न देशका परिकारहरूको व्यवस्था समेत गरिएको थियो।

'कल्चरल फेसन शोले विश्वभरका वेशभूषा र पहिचानलाई एकै मञ्चमा ल्याएको महसुस गरेका छौं। यसले बालबालिका तथा किशोरकिशोरीमा सांस्कृतिक पहिचान बुझाउने विश्वास छ,' गजमेरले रातोपाटीसँग भने।

हिमालयन आर्ट्स ल्याङ्ग्वेज एण्ड कल्चरल एकेडेमीको १०औं वार्षिकोत्सवको अवसरमा सांस्कृतिक फेसन शो आयोजना गरिएको हो। नेपालीभाषी कलाकार पुष्प गजमेरको अगुवाइमा सञ्चालित एकेडेमीले नेपाली संगीत, भाषा र संस्कृतिको प्रशिक्षण तथा प्रवर्द्धनमा उल्लेखनीय कार्य गर्दै आएको छ।

## 'बलिदान'का ४ क्यारेक्टर पोस्टर सार्वजनिक

**काठमाडौं (प्रस)–** दशैंको फूलपातीमा प्रदर्शन हुन लागेको फिल्म 'बलिदान'का ४ क्यारेक्टर पोस्टर सार्वजनिक भएका छन्।

कलाकार अर्पण थापा, ऋचा शर्मा, हेमन्त बुढाथोकी र सन्तोष सेनले निर्वाह गरेका चरित्रको पोस्टर सार्वजनिक गरिएको हो। सेन यो फिल्मका निर्देशक समेत हुन्।

पोस्टर सार्वजनिक गर्दै सेनले भनेका छन्, 'यी तस्वीर केवल पोस्टर होइनन्, यी पात्रहरू ती पात्र हुन्, जो हाम्रो समाजका कुनाकाप्चामा लुकेको आवाज हुन्।'

बुढाथोकी प्रशस्तै फिल्ममा खलपात्रको चरित्र निर्वाह गरेका अनुभवी अभिनेता हुन्। निर्देशक सेनले बुढाथोकीको भूमिकाबारे उल्लेख गर्दै भनेका छन्, 'जसको उपस्थितिले पर्दामा मात्र होइन, कथाको हृ नै काँप्छ।'

यसअघि कलाकार समीर भट्ट र कविता रायको क्यारेक्टर पोस्टर सार्वजनिक भइसकेको छ। अभिनेता सौगात मल्लको लुक्स पनि उनको जन्मदिनमा आइसकेको छ।

फिल्मको प्रचारलाई नयाँ उचाइमा पुऱ्याउँदै निर्माताले देशभर 'बलिदान ब्यानर' अभियान चलाएका छन्, जसमा देशैभर ठूलो आकारका ब्यानर राखिए छन्।

आसुसेन फिल्म्स प्रालिको प्रस्तुति रहेको फिल्मका निर्माता पवन ब्राडफोर्ड बिष्ट हुन् भने कार्यकारी निर्माता प्रेम पुरी हुन्।

# अस्ट्रेलियामा 'दिदीबहिनी तीज' हुने




■ प्रभाव संवाददाता

**सिड्नी–** चाडबाड आउन थालेपछि अष्ट्रेलियामा सांगीतिक कार्यक्रम पनि धमाधम आयोजना हुन थालेका छन्। यसैबीच, लामो समयदेखि विभिन्न कार्यक्रम गर्दै आएको दिदीबहिनी इभेन्ट्सले 'दिदीबहिनी तीज' नामक कार्यक्रम गर्ने भएको छ।

आयोजक तथा गायिका बिन्दु पौडेलका अनुसार 'दिदीबहिनी तीज'को अष्ट्रेलियाभर ३५ शो संचालन हुने भएको छ।

'यसपटक यो कार्यक्रम निकै भव्य र सभ्य गर्न हामीले कुनै कसर बाँकी राखेका छैनौं। कार्यक्रममा पनि दर्शकको सहभागिता भव्य हुने बिश्वास हामीले लिएका छौं' सिड्नीको कार्यक्रमको प्रमुख प्रायोजक फिन कनेक्स फाइनान्सियलका विष्णु अर्यालले भने।

अष्ट्रेलियाका विभिन्न सहरसँगै कार्यक्रमको विशेष प्रस्तुति भने अगस्ट १६ मा सिड्नीको रगडेलमा रहेको इन्द्रेणी फङ्सन सेन्टरमा आयोजना जनाइएको छ।

कार्यक्रममा सहभागि हुन रामजी खाँण, शान्तारानी परियार, सम्झना भण्डारी, सम्झना लामिछाने मगर, श्याम राना, लक्ष्मी मल्ल, श्रीकृष्ण बम मल्ल, पार्वती जिसी र चोलेन्द्र पौडेल लगाउत आउनेछन्। कलाकारको भिसा प्रक्रियामा इडियू कनेक्स कन्सल्टेन्सी एण्ड माइग्रेसन सघाएको हो।



# 'खेलक्षेत्रमा भविष्य सुरक्षित गर्नेतर्फ सरकारले ध्यान दिनुपर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं –** राष्ट्रपति रामचन्द्र पौडेलले खेलाडीको भविष्य खेलक्षेत्रमा नै सुरक्षित गर्नेतर्फ सरकारले विशेष ध्यान दिनुपर्ने बताएका छन्।

भारतमा भएको म्याट्रिक्स फाइटर नाइट टाइटल विजेता रवीन्द्र ढाँटको सम्मानमा राष्ट्रपति भवन शीतल निवासमा आयोजित स्वागत कार्यक्रममा राष्ट्रपति पौडेलले देशलाई विश्वभर चिनाउने खेलाडी र खेलक्षेत्रको विकास तथा खेलाडीको सम्मान गर्न सरकारले योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए।

उनले भने, 'देश विदेशका प्रतियोगितामा प्रतिस्पर्धा र प्रशिक्षणको अवसरसँगै आवश्यक सुविधा दिएर खेलाडीको सम्मान गर्न सके मात्रै हाम्रा खेलाडीले कीर्तिमान र सफलता हासिल गर्न सक्दछन्।' राष्ट्रपति पौडेलले व्यक्तिको शारीरिक, मानसिक र समग्र व्यक्तित्व विकासमा खेलको महत्त्व रहेको बताउँदै भने, 'खेलक्षेत्रको विकासमा सरकार, खेलसँग सम्बन्धित सङ्घसंस्था र निकायले आगामी दिनमा अझै प्रभावकारी ढङ्गले काम गर्न क्रियाशील हुने विश्वास लिएको छु।'

उनले बझाङको बाघ भनेर परिचित नेपाली एमएमए फाइटर ढाँटले आफ्नो खेल कौशल, सामर्थ्य, शक्ति र खेलप्रतिको निरन्तर समर्पणले यो उपाधि जित्न सफल हुनु नेपालीहरूका लागि गौरवको विषय भएको बताए। राष्ट्रपति पौडेलले ढाँटको सफलताका लागि सहयोग गर्ने सबैलाई धन्यवाद दिए।

**एएफसी महिला यू-२०**

# अग्रता जोगाउन नसक्दा भुटानसँग बराबरीमा रोकियो नेपाल

■ प्रभाव संवाददाता




**काठमाडौं –** एएफसी महिला यु-२० एसियन कप छनोटमा घरेलु टोली भुटानलाई फराकिलो अन्तरले हराउँदै आफ्नो स्थिति मजबुत बनाउने नेपालको लक्ष्यमा धक्का लागेको छ।

बंगलादेशको राजधानी ढाकामा गत महिना मात्रै सम्पन्न साफ महिला यु-२० च्याम्पियनसिपका दुई खेलमा ६-१ र ८-० को फराकिलो जित हात पारेको नेपाल त्यही नतिजा दोहोऱ्याउन चाहन्थ्यो।

तर, निकै फितलो खेल पस्किएको नेपाललाई भुटानले १-१ को बराबरीमा रोकेको हो। यो उमेर समूहमा भुटानले पहिलोपल्ट नेपाललाई बराबरीमा रोक्न सफल भएको छ। यसअघिका तीन खेलमै नेपालले फराकिलो जित हात पारेको थियो।

यसपल्ट पनि नेपाल एक समय भुटानमाथि हाबी भएको थियो। तर, प्रतियोगिताकै सबैभन्दा फास्टेस गोल गरे पनि अग्रता जोगाउन नसक्दा नेपालले भुटानसँग अंक बाँड्न पऱ्यो। योसँगै समूह ए मा साबिक विजेता उत्तर कोरिया ३ अंकसहित शीर्ष स्थानमा यथावत छ।

कोरियाले बुधबार नै भएको पहिलो खेलमा साउदी अरबमाथि १५-० को फराकिलो जित हात पारेको थियो। नेपाल र भुटानले भने समान एक अंक बटुलेका छन्।

नेपालका लागि सेनु परियारले गोल गरिन्। भुटानकी केल्जेङ वाङ्जोमले बराबरी गोल फर्काइन्।

खेलको ४० सेकेन्डमै नेपालले सेनुको गोलमार्फत सुरुआती अग्रता लिएको थियो। सुक्रिया मियाको लामो क्रसलाई रोक्न भुटानी गोलकिपर अगाडि बढेकी थिइन्। तर, उनी चुक्दा सेनुले सहजै गोल गरिन्। यो प्रतियोगिताकै सबैभन्दा कम समयमा भएको गोल हो।

तर, १८औं मिनेटमा भुटान खेलमा फर्कियो। नाम्सेल वाङ्जोमको क्रसमा पेनाल्टी बक्सनजिकै नेपाली डिफेन्डरलाई बिट गर्दै केल्जेङले प्रहार गरेको बल खाली पोस्टमा गोल भयो। उनले उक्त बल प्रहार गर्नुअगाडि नै नेपाली गोलकिपर लिला जोशी आफ्नो क्षेत्रबाट निकै पर आइसकेकी थिइन्।

**एनपिएल अक्सन**

# १५० खेलाडीको अन्तिम सूची घोषणा

**काठमाडौं (प्रस)–** घरेलु मैदानमा आयोजना हुने दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को खेलाडी छनोटका लागि हुने अक्सनमा बुधबार १५० जना खेलाडीको अन्तिम सूची घोषणा भएको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले सार्वजनिक गरेको सूचीमा ४५८ जना खेलाडीले दर्ता गरेकामा ती खेलाडीको अन्तिम सूची घोषणा गरेको छ। एनपिएलमा सहभागी आठ टोलीले इच्छाएका तथा क्यानको प्राविधिक टोलीले बनाएको मापदण्डअनुसार ती खेलाडीलाई अन्तिम सूचीमा समावेश गरिएको क्यानले जनाएको छ।

ती खेलाडीलाई विभिन्न श्रेणीमा विभाजन गरिएको छ। यसमा श्रेणी ए मा आठ खेलाडी परेका छन्। यसमा अर्जुन साउद, दिलीप नाथ, देव खनाल, पवन सर्राफ, शरद भेष्वाकर, मोहम्मद आदिल अन्सारी, सूर्य तामाङ र सुमन गौतम छन्।

त्यस्तै श्रेणी बी मा अनिल खरेल, अर्जुन कुमाल, दीपक बोहोरा, कृष्ण कार्की, प्रज्वल थापालगायत ३५ तथा श्रेणी सी मा १०७ जना खेलाडी छन्। उक्त प्रतियोगिताको लागि यही साउन २४ गते अक्सन हुने क्यानले जनाएको छ।

# हिरोशिमा आणविक बम विष्फोटको ८० वर्ष पूरा अमेरिका–रूस परमाणु तनाव बढ्दो





**हिरोशिमा, जापान–** हिरोशिमामा आणविक बमबारी भएको ८० वर्ष पूरा भएको अवसरमा जापानले बुधबार एक समारोहको आयोजना गरी विश्वलाई आणविक हतियार आतंकको सम्झना गराएको छ । सन् १९४५ अगस्ट ६ मा अमेरिकी विमान एनोला गेले पश्चिमी जापानी सहरमा 'लिटिल ब्वाय' खसालेको क्षणको जापानको स्थानीय समयअनुसार बिहान ८:१५ बजे मौन प्रार्थना गरिएको थियो ।

बिहानीपख कालो पोसाक लगाएका सयौं अधिकारी, विद्यार्थी र आक्रमणका समय बाँचेकाहरूले मृतकको सम्झनामा बनाइएका स्मारक (सेनोटाफ) मा फूलहरू चडाएर उनीहरूप्रति भावपूर्ण श्रद्धा व्यक्त गरेका छन् । श्रद्धाञ्जलिसभालाई सम्बोधन गर्दै हिरोशिमाका मेयर काजुमी मात्सुईले मृतकको सम्झना गर्दै उनीहरू श्रद्धाञ्जलि अर्पण गरे । कार्यक्रममा उनले युक्रेनमा रुसको आक्रमण र मध्यपूर्वमा जारी अराजकताको पृष्ठभूमिमा 'विश्वभरि नै सैन्य निर्माणतर्फ तीव्र प्रवृत्ति बढेको' भन्दै चिन्ता व्यक्त गरेका छन् । उनले भने, 'यी घटनाक्रमले अन्तर्राष्ट्रिय समुदायले इतिहासको त्रासदीबाट सिक्नुपर्ने पाठलाई बेवास्ता गरेको देखिन्छ । उनीहरूले शान्ति स्थापनाका लागि गरिएको धेरै मिहेनत ध्वस्त पार्ने चेतावनी दिएका छन् ।'

हिरोशिमा आक्रमणमा मृत्यु हुनेको अन्तिम संख्या लगभग एक लाख ४० हजार थियो । उनीहरू विशाल विष्फोट र आगोको गोलाले मात्र होइन, आक्रमण र त्यसपछिको विकीरण, प्रदूषण र संक्रमणका कारण पनि प्रभावित भएका थिए । 'लिटिल ब्वाय' को तीन दिनपछि अगस्ट ९ मा नागासाकीमा अर्को आणविक बम विष्फोट हुँदा ७४ हजार मानिसको मृत्यु भएको थियो । आक्रमणपछि तत्कालीन विश्वशक्ति जापानले अगस्ट १५ मा आत्मसमर्पण गरेपछि दोस्रो विश्वयुद्धको पनि अन्त्य भएको थियो ।

आज हिरोशिमा १२ लाख जनसंख्या रहेको एक समृद्ध महानगर बनेको छ तर आक्रमणहरू धेरैको सम्झनामा जीवितै छन् । समारोहको सुरूआतमा 'सेनोटाफ'को अगाडि पीडितहरूलाई श्रद्धाञ्जलि दिन लामबद्ध ठूलो भीडले मृतकको सम्झनामा प्रार्थनासँगै भएको थियो ।

बुधबार बिहान सबेरै भएको सभामा आक्रमणमा परी आफ्ना प्रियजन गुमाएका परिवार पनि प्रार्थना गर्न आएका थिए । आफ्नो नातिसँग ह्वीलचेयरमा आएकी ९६ वर्षीया योशी योकोयामाले आक्रमणको कहानी सुनाउँदै यसमा आफूले आफ्ना आमाबुबा र हजुरबा हजुरआमालाई विष्फोटसँगै गुमाएको बताइन् । अझै पनि जीवित रहेकी योकोमायाले भनिन्, 'मेरा हजुरबुवाको मृत्यु बम विष्फोटलगत्तै भएको थियो भने मेरा बुबा र आमा दुवैको विष्फोटबाट फैलिएको विकीरणका कारण क्यान्सर भई मृत्यु भएको थियो ।'

उनले प्रसंगलाई जोड्दै भनिन्, 'मेरा सासू-ससुराको विष्फोटका कारण मृत्यु भएको थियो । त्यसैले शान्तिपछि युद्धभूमिबाट फर्किंदा मेरा पतिले उनीहरूलाई नदेखेको बताउनुहुन्थ्यो । मानिसहरू अझै पनि पीडित छन् ।' बुधबारको समारोहमा पहिलोपटक ताइवानी र प्यालेस्टिनी प्रतिनिधिसहित करिब १२० देश र क्षेत्रबाट आएका व्यक्ति सहभागी हुने बताइएको छ । गत वर्ष नोबेल शान्ति पुरस्कार जितेको तल्लो स्तरको संस्था निहोन हिडान्क्योले हिबाकुशा भनिने पीडितहरूको घट्दो संख्याको प्रतिनिधित्व गरिरहेको छ । जापानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्चसम्ममा ९९ हजार १३० जना हिबाकुशा थिए र उनीहरूको औसत आयु ८६ वर्ष थियो ।

'म चाहन्छु, विदेशी दूतहरूले शान्ति स्मारक संग्रहालयको भ्रमण गरून् र के भयो भनेर बुझून्,' समूहका सहअध्यक्ष तोसियुकी मिमाकीले स्थानीय सञ्चारमाध्यमलाई बताए । पोप लियो चौधौंले जारी गरेको वक्तव्यमा भनिएको छ, 'बढ्दो विश्वव्यापी तनाव र द्वन्द्वको हाम्रो समयमा हिरोशिमा र नागासाकी आणविक हतियारले निम्त्याएको गहिरो भयावहताको जीवित स्मरण गराउँछन् ।'

## युवा पुस्ता

युद्धकालमा आणविक बमको प्रयोग भएको यो एकमात्र घटना हो । बाल्यकालमा विष्फोटबाट बाँचेका ८० वर्षीय कुनिहिको साकुमाले एएफपीसँग कुरा गर्दै आणविक हतियारमुक्त विश्व बन्नेमा आफू आशावादी रहेको बताए ।

'यसका लागि युवा पुस्ताले कडा मिहेनत गरिरहेको छ,' उनले भने । 'बुलेटिन अफ द एटोमिक साइन्टिस्ट्स'को 'मानव जातिको विनासको घडी'लाई संकेत गर्ने सांकेतिक समय जनवरीको मध्यरातमा ९० बाट ८९ सेकेण्डमा सरेको थियो अर्थात् यसको ७८ वर्षको इतिहासको यो सबैभन्दा नजिक पुगेको छ र यसका लागि विश्वको आणविक हतियारमोह जिम्मेवार देखिन्छ ।

सन् २०२२ मा रुसले युक्रेनमा गरेको आक्रमणपछि मानव जातिको विनासबाट दूरीको प्रतीकको रूपमा रहेको घडीलाई अन्तिमपटक मध्यरातमा ९० सेकेण्डमा पुगेको (सारिएको) थियो । यो सन् २०१५ मा तीन मिनेट, २०१७ मा दुई मिनेट ३० सेकेण्ड, २०१८ मा दुई मिनेट र २०२० मा १०० सेकेण्ड पुगेको थियो । यो समयले मानव विनासको जोखिमलाई सांकेतिक रूपमा प्रस्तुत गर्छ । 'स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री)' का अनुसार विश्वका १२ हजारभन्दा बढी आणविक हतियार र विष्फोटक पदार्थ बोक्ने उपकरण वा रकेटमध्ये ९० प्रतिशत रुस र संयुक्त राज्य अमेरिकामा रहेको विश्वास गरिन्छ ।

गत जुनमा सिप्रीले दिएको चेतावनीमा भनिएको थियो, 'हतियार नियन्त्रण गर्ने शासन गम्भीररूपमा कमजोर भएको समयमा खतरनाक नयाँ आणविक हतियारको दौड देखापरेको छ । अहिले लगभग नौ वटा आणविक शक्ति सम्पन्न राष्ट्रहरूले आफ्नो शस्त्रागारको आधुनिकीकरण गरिरहेका छन् ।' यसै महिनाको सुरुमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसका पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवसँग अनलाइन विवाद भएपछि दुईवटा आणविक पनडुब्बी तैनाथ गर्न आदेश दिएको बताएका थिए ।

अमेरिकी राष्ट्रपतिले सन् १९४५ को आणविक बम विष्फोटलाई जुनमा इरानमा भएको हवाई आक्रमणसँग तुलना गरेपछि गत महिना मात्सुईले ट्रम्पलाई हिरोशिमा भ्रमण गर्न आग्रह गरेका थिए । 'मलाई यस्तो लाग्छ कि उनले आणविक बम विष्फोटको वास्तविकतालाई पूर्णरूपमा बुझ्नुभएको छैन । *रासस/एएफपी*



उत्तरपश्चिम चीनको सिनजियाङ उइगुर स्वायत्त क्षेत्रको किमो काउन्टीमा कोङहाउ बजाउन सिक्दै बालबालिका । *तस्बिरः सिन्ह्वा*

# घातक हिमाली बाढीपछि बेपत्ता भएकाहरूको खोजीमा भारतीय सेना



**नयाँदिल्ली–** घातक हिमाली आकस्मिक बाढीको एक दिनपछि बुधबार भारतीय सेनाले बेपत्ता भएका व्यक्तिहरूको खोजी गर्न स्निफर कुकुर, ड्रोन र भारी अर्थ-मुभिङ उपकरणहरू प्रयोग गरेका छन् ।

उत्तराखण्ड राज्यको धराली सहरमा हिलो र फोहोरमैलाको पानीले एउटा साँघुरो पहाडी उपत्यकाको पहरो भत्काएपछि चार जनाको मृत्यु हुनुका साथै ११ जना सैनिकसहित करिब १०० जना बेपत्ता भएका छन् । 'थप सेना टुकडीहरू, सेनाका ट्र्याकर कुकुरहरू, ड्रोनहरू, लजिस्टिक ड्रोनहरू, माटो खन्ने उपकरणहरू आदिसहित... प्रयासलाई तीव्रता दिन थालिएको छ,' सेनाले बुधबार भनेको छ ।

सैन्य हेलिकप्टरहरूले 'आवश्यक सामग्रीहरू, औषधिहरू र डुबानमा परेकाहरूको उद्धार' का लागि काम गरिरहेको पनि सेनाले बताएको छ । उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले यो बाढी तीव्र 'आरी घोप्टे' वर्षाका कारण आएको र उद्धार टोलीलाई 'युद्धस्तरमा' तैनाथ गरिएको बताए ।

मंगलबार दिउँसो पर्यटकीय क्षेत्रमा हिलो पानीको डरलाग्दो लहरले बहुतले भवनहरूलाई बगाएको भारतीय मिडिया तथा सामाजिक सञ्जालहरूमा प्रसारित भिडियोहरूले देखाएका छन् । धेरै मानिसलाई दौडिरहेको देख्न सकिन्थ्यो । त्यसपछि तिनीहरू पूरै भवनहरूलाई जरैदेखि उखेल्ने अँध्यारो फोहोरको छालहरूमा डुबेका थिए ।

रक्षा राज्यमन्त्री सञ्जय सेठले प्रेस ट्रस्ट अफ इण्डिया (पिटिआई) समाचार एजेन्सीलाई मंगलबार राति 'चार जनाको मृत्यु र करिब १०० जना बेपत्ता' भएको बताए ।

## चरम घटना

बुधबार पनि मुसलधारे मनसुनी वर्षा जारी रहेको थियो । 'निरन्तर वर्षाका कारण बढ्दो पानीको सतहलाई ध्यानमा राखेर बासिन्दाहरूलाई उच्च ठाउँहरूमा सारिएको छ,' सेनाले भनेको छ । सरकारी मौसम पूर्वानुमानकर्ताहरूले बुधबार उत्तराखण्डका सबै प्रमुख नदीहरू खतराको सीमाभन्दा माथि बगिरहेको बताए ।

मुख्य धार बितिसकेपछि घटनास्थलबाट सेनाले सार्वजनिक गरेको तस्बिरमा ढिलो गतिमा बग्ने माटोको नदी देखाइएको छ । सहरको ठूलो भाग हिलोले डुबाएको छ । उद्धारकर्ताहरूको अनुमानअनुसार केही ठाउँमा यो ५० फिट (१५ मिटर) गहिरो छ र केही भवनलाई पूर्णरूपमा हिलोले डुबाएको छ ।

जुनदेखि सेप्टेम्बरसम्मको मनसुन मौसममा घातक बाढी र पहिरो सामान्य हुन्छ, तर विज्ञहरू सहरीकरणसँगै जलवायु परिवर्तनले तिनीहरूको आवृत्ति र गम्भीरता बढाइरहेको बताउँछन् । संयुक्त राष्ट्रसंघको विश्व मौसम संगठनले गत वर्ष बढ्दो तीव्र बाढी र खडेरी जलवायु परिवर्तनले पृथ्वीको पानीचक्रलाई अझ अप्रत्यासित बनाउँदै आउने कुराको 'संकटको संकेत' हो भनेको थियो । विशेषज्ञ हाइड्रोलोजिस्ट मनिष श्रेष्ठले बाढी क्षेत्रमा २४ घण्टाभित्र २७० मिलिमिटर (१० इन्च) वर्षा भएको रिपोर्ट 'चरम घटनाको रूपमा गणना गरिएको' बताए ।

नेपालस्थित अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रका श्रेष्ठले पहाडहरूमा यस्तो वर्षाको समतल भूमिको तुलनामा 'बढी केन्द्रित' प्रभाव हुने बताए । 'यस्ता तीव्र वर्षाका घटनाहरू बढ्दो सामान्य हुँदै गइरहेका छन् र यसलाई जलवायु परिवर्तनसँग जोड्न सकिन्छ,' उनले भने । *रासस/एएफपी*

# श्रीलंकाका पूर्वमन्त्री राजापाक्षे भ्रष्टाचारको आरोपमा पक्राउ

**कोलम्बो–** श्रीलंकाको भ्रष्टाचार विरोधी अधिकारीहरूले बुधबार एक समयका शक्तिशाली राजापाक्षे परिवारका एक सदस्यलाई पक्राउ गरेका छन् । उनीमाथि तीन वर्ष पहिले उनका राष्ट्रपति काकालाई पदच्युत गरिएको बेला सम्पत्तिको नोक्सानीका लागि अवैधरूपमा क्षतिपूर्तिको दाबी गरेको आरोप लगाउँदै पक्राउ गरिएको हो । घुसखोरी वा भ्रष्टाचारको आरोपको अनुसन्धान गर्ने आयोग (सिएबोक) ले पूर्वमन्त्री एवं दुई राष्ट्रपति महिन्दा र गोटाबायाका भतिजा शशीन्द्र राजापाक्षेलाई हिरासतमा लिएको बताएको छ । सेप्टेम्बरमा राष्ट्रपति अनुराकुमार दिसानायकेको वामपन्थी सरकार सत्तामा आएपछि भ्रष्टाचारको अनुसन्धान गर्ने वाचा गर्दै पक्राउ परेका शशीन्द्र पहिलो राजापाक्षे हुन् ।

'श्री राजापाक्षेमाथि आफूले दाबी गरेको सम्पत्तिको क्षतिको क्षतिपूर्ति दिन राज्यका अधिकारीहरूलाई बाध्य पारेको आरोपमा भ्रष्टाचारको आरोप लगाइएको छ,' सिएबोकले एक विज्ञप्तिमा भनेको छ, 'यद्यपि, यो सम्पत्ति राज्यको स्वामित्वमा रहेको जग्गामा अवस्थित छ । उनले राज्यको जग्गाको दुरूपयोग गरे, आफूले पाउने हक नभएको क्षतिपूर्ति दाबी गरे र भ्रष्टाचारको अपराध गरे ।' श्रीलंकाले सन् २०२२ मा ४६ अर्ब डलरको बाह्य ऋणमा आफ्नो पहिलो सार्वभौमिक पूर्वनिर्धारण घोषणा गर्दा सबैभन्दा नराम्रो आर्थिक संकटको सामना गरेको थियो । महिनौंको उपभोक्ता सामानको अभावले व्यापक नागरिक अशान्ति निम्त्यायो, जसको परिणति तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षेको पदच्युतीमा पुग्यो ।

पूर्वराष्ट्रपति महिन्दा राजापाक्षेका दुई छोरा एवं शशीन्द्रका दुई काकाभाइ नमल र योशिताले मनी लौण्ड्रिङको आरोपको सामना गरिहेका छन् । योशिताले अनुसन्धानकर्ताहरूलाई उनले एक वृद्धा काकीले उपहार दिएको रत्नको झोलाबाट ठूलो रकम उठाएको बताए । पछि उनले मूलरूपमा कसले रत्नहरू दिएका थिए भन्नेबारे आफूलाई सम्झना नरहेको बताए ।

महिन्दाका बहिनीज्वाइँ निशान्त विक्रमसिंघेलाई राष्ट्रिय वाहक श्रीलंकन एयरलाइन्सको प्रमुख हुँदा राज्यलाई नोक्सान पुऱ्याएको आरोप लगाइएको छ । महिन्दाका अर्का भाइ बासिल राजापाक्षेले मनी लण्ड्रिङको आरोपको सामना गरिहेका छन् । उनले मन्त्रीका रूपमा पनि काम गरेका थिए । *रासस/एएफपी*

**कतार/साउदीमा रोजगार** कम्पनी : Q PEARL FRO SERVICES & TRADING
पूर्व स्वीकृति मिति : २०८१/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 321357 | चलानी नं. ६०२३५५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 1 | 0 | 1500 | ५७,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaning Worker | 2 | 0 | 1000 | ३८,५६५ | | | | | | | |
| 3 | Housekeeping Cleaner | 0 | 3 | 1000 | ३८,५६५ | | | | | | | |

कम्पनी : WING INTERNATIONAL GENERAL CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328468 | चलानी नं. ६०२४२४१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 5 | 0 | 1200 | ४४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

**युएइ/कतारमा रोजगार** कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION L.
पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 327357 | चलानी नं. ६०२४२३९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 41 | 0 | 1200 | ४५,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 5 | 0 | 1000 | ३८,२२५ | | | | | | | |
| 3 | Plumber | 77 | 0 | 1200 | ४५,८७० | | | | | | | |
| 4 | Steal Fixer | 77 | 0 | 1200 | ४५,८७० | | | | | | | |

कम्पनी : MNJRT ART AFNYW
पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328660 | चलानी नं. ६०२४२४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1300 | ५०,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

**कतारमा रोजगार** कम्पनी : MOHAMMED BIN ABDULLAH CONTRUCATION AND MAINTENANCE GROUP
पूर्व स्वीकृति मिति : २०८२/०४/१९ | LT. No. 328406 | चलानी नं. ६०२४२३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 2 | 0 | 1300 | ५०,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1600 | ६१,७३५ | | | | | | | |
| 3 | Electrician. | 2 | 0 | 2200 | ८४,८८५ | | | | | | | |
| 4 | FIREMAN | 1 | 0 | 2000 | ७७,१७० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2600 | ११०,३२० | | | | | | | |
| 6 | Labour | 4 | 0 | 1100 | ४२,४४५ | | | | | | | |
| 7 | Mason (GCC) | 1 | 0 | 1200 | ४६,३०० | | | | | | | |
| 8 | Mason (Nepal) | 1 | 0 | 1200 | ४६,३०० | | | | | | | |
| 9 | Mason. | 1 | 0 | 1500 | ५७,८७५ | | | | | | | |
| 10 | Painter | 3 | 0 | 1400 | ५४,०२० | | | | | | | |
| 11 | Supervisor | 2 | 0 | 3000 | ११५,७५५ | | | | | | | |
| 12 | Tile Maker | 1 | 0 | 1200 | ४६,३०० | | | | | | | |
| 13 | Tile Maker (mason) | 1 | 0 | 1500 | ५७,८७५ | | | | | | | |
| 14 | Welder | 1 | 0 | 1600 | ६१,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com,
info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९८४०० | प्रति तोला – ० | प्रति तोला – २३०५ |

## 'विश्वव्यापी व्यापार प्रणालीमा भूपरिवेष्ठित विकासशील राष्ट्रलाई पछाडि पार्न हुँदैन'

**आवाजा (तुर्कमेनिस्तान)** – प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वव्यापी व्यापार प्रणालीमा भूपरिवेष्टित विकासशील राष्ट्रहरूलाई पछाडि पार्न नहुनेमा जोड दिएका छन् ।

भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडिसी)को तेस्रो संयुक्त राष्ट्रसंघीय सम्मेलनअन्तर्गत 'व्यापार तथा वाणिज्यको सहजीकरण र क्षेत्रीय सहकार्य'सम्बन्धी 'राउन्ड टेबल'को सहअध्यक्षता गर्दै उनले निष्पक्ष व्यापार सर्तहरू र पारवहन व्यवस्थाका लागि सामूहिक दबाब दिनुपर्नेमा जोड दिए ।

'यसै वर्ष जुनमा हामीले पारित गरेको सेभिया प्रतिबद्धताको कार्ययोजनाले पनि पूर्वाधार निर्माण, स्मार्ट व्यापार, कोरिडोरमा लगानी, यातायात र रसद उद्योगको विकास, व्यापार र भन्सार प्रक्रियालाई डिजिटलाइज गर्ने विषयलाई महत्व दिएको छ । यसको पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि बलियो प्रतिबद्धता आवश्यक पर्दछ', प्रधानमन्त्री ओलीले भने, 'यी उपायको इमान्दारपूर्वक कार्यान्वयनसँगै भूपरिवेष्टित मुलुकले समावेशी र दिगो विकासका लागि आफ्नो व्यापार क्षमतालाई उपयोग गर्न सक्छन् । यसका लागि हामीले




द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय स्तरमा सहयोग र साझेदारीलाई बलियो बनाउन आवश्यक छ ।'

उनले सूचना प्रविधि, उत्पादन र सेवाहरूको व्यापारलाई प्रवर्द्धन गरी क्षेत्रीय एकीकरणलाई गहिरो बनाउने र अर्थपूर्ण साझेदारीलाई बढावा दिन आग्रह गर्दै हामीले विश्वव्यापी व्यापारमा यी मुलुकको हिस्सा दोब्बर गर्ने, सेवा निर्यात विस्तार गर्ने, थप विविध र लचिलो अर्थतन्त्रलाई बढावा दिने प्रतिबद्धता गरी यसलाई पूरा गर्नुपर्नेमा जोड दिए ।

उक्त अवसरमा प्रधानमन्त्री ओलीले सम्मेलनअन्तर्गतको दक्षिण-दक्षिण सहकार्यसम्बन्धी मन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै अपार सम्भावना र तत्कालका आवश्यकताको परिपूर्तिका लागि यी मुलुकबीच ज्ञान आदानप्रदानसहित मापनयोग्य परिणाम हासिलका लागि दिगो स्रोत परिचालनमा जोड दिए ।

'एकता, पारस्परिक सम्मान र साझा स्वामित्वमा आधारित, दक्षिण-दक्षिण सहयोगले एलएलडिसीको अद्वितीय आवश्यकता र आकांक्षा अनुरूप आपसी सिकाइ, क्षमता विकास र प्रविधि हस्तान्तरणलाई बढावा दिन्छ, जसले समतामूलक र समावेशी वृद्धि निर्माण गर्न मद्दत गर्दछ', प्रधानमन्त्री ओलीले भने, 'हामीले लचिलो भौतिक र डिजिटल पूर्वाधारमा लगानी गरेर क्षेत्रीय एकीकरणलाई प्रवर्द्धन गर्न दक्षिण-दक्षिण र त्रिकोणीय सहयोगलाई उपयोग गर्नुपर्छ ।'

प्रधानमन्त्री ओलीले व्यापार र 'ट्रान्जिट' कोरिडोर विकास गर्न, पूर्वाधारलाई आधुनिकीकरण गर्न, सीमापार व्यापार र लगानी बढाउनका लागि भन्सार प्रक्रिया मिलाउन सामूहिक रूपमा काम गर्न आग्रह गर्दै विश्वव्यापी डिजिटल अर्थतन्त्रमा अर्थपूर्ण रूपमा भाग लिन डिजिटल रूपान्तरणलाई अँगाल्नुपर्ने धारणा राखे । *रासस*

## बजेट तथा कार्यक्रम अघि बढाउन निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न कर्मचारीलाई निर्देशन दिएका छन् ।

सडक विभागद्वारा आयोजित गत आवको प्रगति समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री दाहालले 'अहिले के को हतार, विस्तारै गरौँला नि' भन्ने नसोची बजेट तथा कार्यक्रम तत्काल कार्यान्वयन गर्न निर्देशन दिएका हुन् । आव सुरु हुनुभन्दा डेढ महिनाअघि बजेट सार्वजनिक गर्नुको मर्म पनि आवको सुरुआतसँगै कार्यान्वयन प्रक्रिया अघि बढाउन सहज होस् भन्ने रहेको उल्लेख गर्दै उहाँले तत्कालैदेखि काम सुरु गरी उच्च नतिजा निकाल्न निर्देशन दिए ।

'आवको अन्त्यतिर हतारहतार काम गरेर बजेट कार्यान्वयनको परिमाण बढाउने चलन पनि छ', मन्त्री दाहालले भने, 'बेलामा काम नथाल्ने अनि बित्न लागेपछि हतार गरेर प्रभावकारी परिणाम निस्कदैन, त्यसैले अहिलेदेखि नै काम अघि बढाउनु होला, गत आवको भन्दा राम्रो नतिजा देखिने गरी काम गर्नुपर्छ ।'

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय नागरिकलाई विकासको महसुस गराउने प्रमुख मन्त्रालय तथा सडक विभाग प्रमुख अंग रहेकाले सडक विभागको काम र परिणामले सिंगो मन्त्रालयको कार्यसम्पादन र नतिजामा महत्वपूर्ण अर्थ राख्ने मन्त्री दाहालको भनाइ थियो । थालिएका योजना तथा आयोजनामा हुने ढिलासुस्ती अन्त्य गर्न निर्देश दिँदै उनले अब सुरु गर्ने योजनामा कुनै अवरोध आउन नदिनेमा जोड दिए ।

मन्त्री दाहालले कुनै पनि पूर्वाधार निर्माणलाई छिटो, छरितो र गुणस्तरीय बनाउन सम्झौता गर्न नसकिने बताए । उनले भने, 'छिटोको नाममा गुणस्तरहिन काम हुनु भएन र गुणस्तर कायम गर्ने नाममा ढिलासुस्ती पनि हुनु भएन । समय र गुणस्तरलाई सन्तुलनमा राखेर काम गर्न आवश्यक छ ।' वर्षायाम सुरु भइसकेकाले सडक तथा यातायात अवरुद्ध हुन नदिने गरी स्रोत साधन, जनशक्ति र उपकरण परिचालन गर्न समेत उनको निर्देशन छ ।

मन्त्रालयका सचिव केशवकुमार शर्माले कुनै पनि योजना रुग्ण हुने अवस्था आउन नदिने निर्देशन दिए । रुग्ण आयोजनाको व्यवस्थापन मन्त्रालयको प्राथमिकतामा रहेको स्मरण गराउँदै उनले बाँकी रुग्ण आयोजनाको व्यवस्थापनतर्फ ध्यान दिन आग्रह गरे ।

मन्त्रालयले गत आवमा विगत छ वर्षयताकै उच्च पुँजीगत खर्च गरेको थियो । आव २०८१/८२ मा छ वर्षयताकै सबैभन्दा बढी ७६ दशमलव ४१ प्रतिशत प्रगति भएको मन्त्रालयले यसअघि जनाइसकेको छ । यस्तै सडक विभागका महानिर्देशक डा विजय जैसीले नीति कार्यक्रम तथा बजेटमा समावेश कार्यक्रम कार्यान्वयनको प्रक्रियामा ढिलाइ नगर्ने बताए ।

## कर्पोरेट

### फक्सवागनका पावरफुल दुई मोडल वट्र्स र टाईगुन नेपाली बजारमा

**काठमाडौं (प्रस)–** नेपाली उपभोक्ताको मागलाई मध्यनजर गरी जर्मन ब्राण्ड फक्सवागनको लागि नेपालको एक मात्र आधिकारिक वितरक पूजा ईन्टरनेशनल नेपाल प्रा. लि. ले वट्र्स सेडान र नयाँ टाईगुन गाडीको लञ्च नाईमा अटो शो मा गरेको छ । यी दुवै गाडीहरूमा यस सेग्मेन्टको सबैभन्दा पावरफुल १.५ लिटरको टर्वो पावर ईन्जिन जडान गरिएको छ । जर्मन प्रविधिबाट निर्मित यी गाडीहरूले अतुलनीय सुरक्षा तथा पावर पर्फमेन्सको अनुभूति ग्राहकहरूलाई गराउने कुरामा कम्पनी विश्वस्त रहेको छ । यी दुवै गाडीहरूको अनावरण नाईमा अटो शोमा सम्मानित अतिथिको रूपमा जर्मन दुतावासका उदो भोल्ज गरेका थिए ।




अत्याधुनिक प्रविधिद्वारा सुसज्जित यी दुवै गाडीहरूमा पावरको आवश्यकता अनुसार दुई वा चारै सिलिण्डरद्वारा चल्ने १५०० सि.सि. बाट १५० हर्ष पावर उत्पादन गर्न सक्षम फ्युल इफिसेन्ट ईन्जिन रहेको छ । वट्र्स जि टी सेडान र टाईगुन एसयूभी विश्वकै उच्च स्तरको सुरक्षा मापदण्ड एन क्यापमा पाँच तारा पाएका मोडल हुन् जसले ड्राइभर र प्यासेन्जर दुवैलाई सुरक्षित अनुभूति गराउँदछ । फक्सवागन वट्र्स सेडान फक्सवागन वट्र्स, सेडान भएता पनि हाल नेपालमा उपलब्ध धेरै एसयूभी भन्दा पनि बढी अर्थात १८० मि.मि. को ग्राउण्ड क्लियरेन्सका साथ आउँदछ जसले गर्दा खाल्डा खुल्डीहरूमा पनि गाडी छुने डर हुँदैन । बलियो च्यासिस, पावरफुल ईन्जिन तथा उच्च ग्राउण्ड क्लियरेन्सले गर्दा शहर होस् वा ग्रामीण सडक, सबै ठाउँमा यो गाडी लान सकिन्छ ।

फक्सवागन टाईगुन जी टि एसयूभी नेपालको बाटोमा सुहाउँदो, १८८ मि.मि. को ग्राउण्ड क्लियरेन्स तथा अत्याधुनिक सेभेन स्पिड गियरबक्सका साथ लञ्च गरिएको यस एसयूभीमा सम्पूर्ण सुरक्षा तथा कर्म्फटका फिचरहरू राखिएको छ । उदाहरणका लागि ६ वटा एयर ब्याग, इलेक्ट्रोनिक स्टायविलिटी कन्ट्रोल, हिल होल्ड कन्ट्रोल ईत्यादि दुवै मोडलमा राखिएको छ ।

### बिवाइडीले लन्च गऱ्यो अल–न्यु बिवाइडी एट्टो १

**काठमाडौं (प्रस)–** नेपालका लागि बिवाइडीको आधिकारिक वितरक साइमेक्स इंक प्रा.लि. ले देशकै बहुप्रतिक्षित इलेक्ट्रिक ह्याचब्याक बिवाइडी एट्टो १ आधिकारिक रूपमा लन्च गरेको घोषणा गरेको छ । सो लन्च कार्यक्रम नाइमा नेपाल मोबिलिटी एक्सपो २०२५ मा गरिएको हो, जसले दिगो र पहुँचयोग्य मोबिलिटीतर्फ बिवाइडीको लगातार प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको छ ।

विश्वव्यापी रूपमा बिवाइडी सिगल, बिवाइडी डल्फिन मिनी अथवा डल्फिन सर्फ भनिने बिवाइडी एट्टो १ नेपालको सहरी इलेक्ट्रिक मोबिलिटीका लागि गेम चेन्जर बनेर आएको छ । वर्ल्ड कार अवार्ड्समा वर्ल्ड अर्वन कार अफ द इयर २०२५ को उपाधि समेत प्राप्त गरेको सो प्रतिष्ठित ईभीले मूल्य, सुरक्षा र नवप्रवर्तनको क्षेत्रमा आफूलाई एक




कदम अगाडि बढाएको छ ।

'बिवाइडी एट्टो १ मार्फत हामीले ईभी प्रविधिलाई प्रजातान्त्रिकरण गरेका छौ र नेपाली सडकमा विश्व स्तरीय नवप्रवर्तनलाई ल्याएका छौ', साइमेक्स इंकका सीईओ साहिल श्रेष्ठले भने, 'यो एक इन्ट्री लेभल ईभी मात्र होइन, कम्प्याक्ट इलेक्ट्रिक मोबिलिटीतर्फको क्रान्ति समेत हो । यो वर्तमानको अर्वन लाइफस्टाइल र भोलिको हरित भविष्यका लागि डिजाइन गरिएको हो ।' बिवाइडीको एड्भान्स्ड ई-प्लेटफर्म ३.० मा बनेको र क्रान्तिकारी ब्लेड ब्याट्रीद्वारा सुसज्जित एट्टो १ मा सेल-टु-बडी (सीटीबी) टेक्नोलोजी रहेको छ, जसले एकीकृत बनावट र गाडीको सुरक्षालाई मजबुत बनाएको छ, जुन ईभीका लागि विशेष रूपमा बनेको छ ।

नेपालमा डाइनामिक र प्रिमियम गरी दुई भेरिएन्टका बिवाइडी एट्टो १ ईभी उपलब्ध हुने छन् । डाइनामिकमा ३०.०८ किलोवाट आवरको ब्याट्री छ, जसले सिंगल चार्जमा २३० किलोमिटरको डब्लुएलटीपी रेन्ज दिन्छ । त्यसैगरी प्रिमियममा ३८.८८ किलोवाट आवरको ब्याट्री छ, जसले ३०० किलोमिटरको डब्लुएलटीपी रेन्ज दिन्छ । यी दुई भेरिएन्टको मूल्य क्रमशः २८ लाख ९५ हजार र ३२ लाख ९९ हजार रूपैयाँ हुनेछ ।

### 'नाडा अटो शो २०२५' भदौ ३ देखि भृकुटीमण्डपमा हुने




**काठमाडौं (प्रस)–** नेपाल अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)को आयोजनामा 'नाडा अटो शो- २०२५'आगामी भदौ ३ देखि ८ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा हुने भएको छ । प्रदर्शनीको उद्घाटन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गर्ने तय भएको नाडाका अध्यक्ष करण चौधरीले पत्रकार सम्मेलनमा जानकारी दिए ।

'गो फर मोर' भन्ने मूल नारासहित आयोजना हुन लागेको यस संस्करणमा उन्नत प्रविधि, स्मार्ट मोबिलिटी र दिगोपनलाई विशेष प्राथमिकता राखिने नाडाले जनाएको छ । अत्याधुनिक स्वचालित चारपांग्रे रोबोट 'युनिट्री रोबोट्स' तथा भविष्यका शहरी हवाई सवारी 'डिपल इभटोल युएभी'का झलकहरू प्रदर्शनीमा देख्न पाइनेछ ।

यस वर्षको शो'मा १९ वटा चारपांग्रे ब्रान्ड, १३ वटा हल्का व्यावसायिक सवारी ब्रान्ड, ४ वटा दुईपांग्रे सवारी ब्रान्ड, तथा ३५ अन्य कम्पनी (टायर, ल्युब्रिकेन्ट, उपकरण, वित्तीय संस्था आदि) गरी १२५ भन्दा बढी प्रदर्शकहरू सहभागी हुनेछन् । करिब १ लाखभन्दा बढी आगन्तुकको अपेक्षा गरिएको यस शोको प्रदर्शनी क्षेत्रफल ३ लाख वर्गफुटमा फैलिनेछ, जुन अहिलेसम्मकै ठूलो हो । खल्ती एपमार्फत् टिकटको अग्रिम बुकिङमा २० प्रतिशत क्यासब्याकको सुविधा दिइनेछ ।

### एनआइसी एसिया र हिमालय दृष्य रिसोर्टबीच सम्झौता




**काठमाडौं (प्रस)–** एनआईसी एसिया बैंकका ग्राहक महानुभावहरूलाई धुलिखेलस्थित हिमालय दृष्य रिसोर्टमा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा बैंक र रिसोर्टबीच सम्झौता सम्पन्न भएको छ । यस समझदारीसँगै यस बैंकका ग्राहक महानुभावहरूले धुलखेलमा रहेको हिमालय दृष्य रिसोर्टमा खाना तथा पेय पदार्थ उपभोग गरी डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् ।

यस सुविधाको उपभोग गर्न ग्राहक महानुभावहरूले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक एपमार्फत भुक्तानी गर्नुपर्ने छ । हिमालय दृष्य रिसोर्टसँगको यस सहकार्यले यस बैंकका ग्राहक महानुभावहरूलाई छुट उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

### नबिल इन्भेष्टमेन्टको 'एनआई ३१ योजना' एकाइ साउन ३१ देखि

**काठमाडौं (प्रस)–** नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडले यहि साउन ३० गतेदेखि नबिल म्युचुअल फण्ड अन्तर्गत दोस्रो खुलामुखी सामुहिक लगानी कोष योजना 'एनआई ३१ योजना'को एकाइ निष्काशन गर्ने भएको छ ।

२५ करोड रूपैयाँको कोष आकार रहेको यस योजनामा १० रूपैयाँ अंकित दरमा २ करोड ५० लाख एकाइहरू निष्काशन गरिनेछ । यसमध्ये ३७ लाख ५० हजार एकाइ व्यवस्थापक कम्पनीका लागि सुरक्षित राखिएको छ भने १ करोड १२ लाख ५० हजार एकाइ पहिलो चरणमा सर्वसाधारणका लागि बिक्री खुला गरिनेछ ।

NABIL® INVESTMENT BANKING LIMITED
(A Subsidiary of Nabil Bank Limited)

सर्वसाधारण लगानीकर्ताले न्यूनतम १०० एकाइ देखि अधिकतम २५ लाख एकाइसम्म आवेदन दिन सक्नेछन् । एकाइहरूमा आवेदन दिने अन्तिम म्याद छिटोमा भदौ ३ र ढिलोमा भदौ १३ सम्म रहनेछ । 'एनआई ३१ योजना'ले पूजिंबजारमा बजारमा सूचीकृत ३१ वटा उत्कृष्ट कम्पनीहरूमा मात्र लगानी गर्नेछ, जसले आकर्षक दीर्घकालीन प्रतिफल दिने उदेश्य राखेको छ । यसअघि नै सफलतापूर्वक नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडले 'नबिल इक्विटी फण्ड' सञ्चालन गरिसकेको छ ।

## नेप्सेमा सामान्य गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक एक दशमलव ९४ अंकले घटेर दुई हजार ८३२ दशमलव शून्य छ बिन्दुमा कायम भएको हो ।

३२० कम्पनीको दुई करोड १६ लाख ५७ हजार ७०६ कित्ता शेयर ९३ हजार १८५ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ६३ करोड १३ लाख ७५ हजार ९५२ बराबरको कारोबार भएको हो । कारोबारमा लगानी समूह शून्य दशमलव ४९, लघुवित्त एक दशमलव ४१ र अन्य समूह शून्य दशमलव ४४ प्रतिशतले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ४७, विकास बैंक शून्य दशमलव ६१, वित्त शून्य दशमलव ४१, होटल तथा पर्यटन शून्य दशमलव शून्य पाँच र जलविद्युत् समूह शून्य दशमलव १५ प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बिमा शून्य दशमलव ४५, उत्पादन तथा प्रशोधन शून्य दशमलव १०, निर्जीवन बिमा शून्य दशमलव ३६ र व्यापार समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, माहुली लघुवित्त वित्तीय संस्था लिमिटेड र ट्रेड टावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी थ्रिस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य तीन दशमलव ७८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको रु २९ करोड ४५ लाख ५७ हजार ७५४ बराबरको शेयर खरिदबिक्री भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी सनराइज फोकस्ड इक्विटी फण्डको १८ लाख २७ हजार ६८० कित्ता शेयर किनबेच भएको छ ।

## 'निजी क्षेत्र पहिलो प्राथमिकतामा'

**हेटौंडा (प्रस)–** बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आफ्नो कार्यकालको पहिलो प्राथमिकतामा निजी क्षेत्र, यातायात, सीमान्तकृत र विपन्न समुदाय रहने बताएका छन् । नारायणी यातायात व्यवसायी संघले बुधबार एक कार्यक्रम आयोजना गरी उहाँलाई बधाइ तथा स्वागत गरेको थियो ।

संघका सल्लाहकार समेत रहेका मुख्यमन्त्री बानियाँले यातायात क्षेत्रको सुधारका लागि काम गर्ने प्रतिबद्धता जनाए । यातायात व्यवसायीलाई उत्साह जगाउने गरी काम गर्ने उनको भनाइ छ । मुख्यमन्त्री बानियाँले सङ्घीय सरकारसँग समन्वय गरी जीर्ण अवस्थाका राष्ट्रिय राजमार्गहरू मर्मतका लागि पहल गर्ने बताए । पथलैया-हेटौंडा-नारायणगढ सडक विस्तारलाई छिटो सम्पन्न गर्नुपर्नेमा उनको जोड छ । मुख्यमन्त्री बानियाँले लोकतन्त्रमा निजी क्षेत्र विकासको मुल मेरुदण्ड रहने बताए । संघका अध्यक्ष हिरालाल श्रेष्ठले यातायात व्यवसायका समस्याहरूबारे मुख्यमन्त्री बानियाँलाई अवगत गराए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ